| नियमित स्टाफ बैठकमा हुने चियापान खर्च | २२७११००. | | १२००. | ०१२. | ४००. | ००४. | ४००. | ००४. | ४००. | ००४. | |
| संचालक समिति तथा कार्यालयमा हुने अन्य बैठकमा खाजा खर्च | २२७११००. | | १२००. | ०२४. | ४००. | १०८. | ४००. | ००८. | ४००. | ००८. | |
| अन्य अतिथि सत्कार खर्च | २२७११००. | | ६००. | ०२४. | २००. | ००८. | २००. | ००८. | २००. | ००८. | |
| कार्यालयको घर भाडामा | २८१४२००. | | १००. | ४८०. | ०००. | १६०. | ०००. | १६०. | ०००. | १६०. | |
| **चालु खर्च कार्यक्रमको जम्मा** | | | | १६८८१. | | ३९६९. | | ५५४४. | | ७३६८. | |
| **कूल जम्मा खर्च** | | | | १७७५९. | | ४८४७. | | ५५४४. | | ७३६८. | |

### ३.७कार्यक्रम तथा प्रगती विवरण

| क.सं. | सम्पन्नक्रियाकलाप | कार्यक्रमबजेटरु.लाख | लक्ष्य | प्रगति | उपलब्धी |
|---|---|---|---|---|---|
| १ | आलुउत्पादन, प्याकेजिङ्ग, लेबलिङ्ग तथा बजारिकरणमा अनुदान | २.५० | १ | १ | आलु कृषक तथा व्यापारीहरुले ५०प्रतिसत अनुदानमा ४००० वटा आलु राख्ने जालीदार बोरा र डिजिटल तराजु प्राप्त गरेर आलुबजारीकरण र ह्यान्डलिङ्गमा सहयोग। |
| २ | ५० % अनुदानमा गुणस्तरीय बीउ आलु वितरण | ४.५ | १ | १ | गुणस्तरीय आलु बिउ (लोकल७५क्विन्टल) र पूर्व मूलबिउ (१००००दाना) ५०प्रतिसतअनुदानमा कृषकले प्राप्त गरे। |
| ३ | कृषि औजार तथा मेसीनरी उपकरण वितरण | ९.४५ | २१ | २४ | २४वटा हाते ट्याक्टर, ४बटा बाँजो जोत्ने हलो र१वटा हील्याउने चक्का५०प्रतिसत अनुदानमा कृषकले प्राप्त गरे। |
| ४ | साना सिँचाई निर्माण तथा मर्मत सम्भार (साना सिँचाई निर्माण) | १५ | १५ | १५ | करिब ५७हेक्टर जमिनको सिँचाई व्यवस्थाको लागि सहयोग भयो। |
| ५ | पोष्ट हार्भेष्ट सेन्टर स्थापना सहयोग | ७ | १ | १ | आलुकोबजारिकरणमा सजिलो हुनेछ,आलुको बजार स्थापित भई आलुका मुल्यश्रृङ्खला वृद्धि,अन्तत आलु कृषकहरु उत्प्रेरित भएरआलु उत्पादनमा बृद्धि |
| ६ | रष्टिक स्टोर निर्माण सहयोग | १५ | १ | १ | विउ आलुको उपलब्धता बढ्नेछ, कृषकहरुको आएआर्जनमा बृद्धिहुनेछ, रोजगारीको सृजना। |
| ७ | चिप्स उद्योग स्थापना (मेसीन तथा भवनमा सहयोग) | १५ | १ | १ | बजारिकरणमा सहयोग हुनेछ, आलु खपत बढी भएर स्वत आलुको खेतीको क्षेत्र थप हुनेछ, बाहिरी जिल्लाबाट आउने आलु विस्थापन हुनेछ, रोजगारी को सृजना। |
| ८ | प्लाष्टिक पोखरी निर्माण अनुदान सहयोग | २.८ | ८ | ८ | सिँचाई को सुविधा थप भएको, आलु खेती को क्षेत्र विस्तार र आलुको उत्पादनमा वृद्धि। |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | सहभागितात्मक उन्नत प्रविधि प्रदर्शन तथा स्थलगत तालिम | ३.० | ३ | ३ | जातिय परिक्षण गरेर कृषकहरुलाई आलुको जातहरु सम्बन्धि ज्ञान। |
| १० | उद्यमशीलता तथा क्षमता अभिवृद्धि तालिम स्थलगत | १.२ | ६ | २ | ६० जना कृषकहरुले बिउ आलु तयारी र आलु खेती प्रविधि सम्बन्धि ज्ञान हासिल |

**रष्टिक स्टोर निर्माण कार्यक्रम :**

रस्टिक स्टोर स्थानिय स्रोत साधन र हावापानीको उपयोग गरी कम लागतमाबनाउन सकिने विउ आलु भन्डारण घर हो । खप्तडछान्ना गाउँपालिका वडा नं. ७ स्थित गोर्खालीबाट पहिले देखि नै अन्य ठाउँको कृषकहरुले लोकल भनिने आलुको विउ लिएर लगाउने गरेकोमा चालु आ व मापरियोजना कार्यान्वयन इकाई बझाङ्ग र सो ठाउँको मष्टेश्वरी आलु उत्पादन कृषक समुहको सहकार्यमा विउ आलु भन्डारण गर्न रस्टिक स्टोर निर्माण भयो ।सो रष्टिक स्टोरको लम्बाई १६.५ मिटर, चौडाई ९.५ मिटररहेको छ भने यसको भण्डारण क्षमता १५ मे.टन  रहेको छ । भविष्यमागुणस्तरीय बीउ आलु उत्पादन तथा भण्डारण गरी सो समुह गुणस्तरीयविउ आलुको श्रोत केन्द्रको रुपमा अगाडिबढ्नेछ।

| **क.म.** | **समुह / सहकारी** | **वडा नं.** | **सम्पर्क व्यक्ति** | **सम्पर्क नं.** |
|---|---|---|---|---|
| १ | मष्टेश्वरी आलु उत्पादन कृषक समुह | ७ (गोर्खाली) | हरि कृष्ण खड्का | ९८६८७२८२२६ |






गोर्खाली रष्टिक स्टोर

**साना सिंचाई निर्माण तथा मर्मत संम्भार सहयोगः**

साना सिंचाई  निर्माण अन्तर्गत आ.व २०७६/७७ मा आलु खेती विस्तारको सम्भाव्यता तथा कृषक समुह, सहकारी तथा कृषक फर्मको आवश्यकतालाई मध्यनजर गरी सिंचाई कुलो,  सिमेन्ट सिंचाई पोखरी,

पुरानो कुलो मर्मत सम्भारमा अनुदान ५० प्रतिसत सहयोग गरेको छ। यस वर्ष १५ वटा साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम सम्पन्न भएका छन।

**प्लाष्टिक पोखरी निर्माण कार्यक्रम**

| क.म. | समुह / सहकारी | वडा नं. | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | पाटन फलफुल तथा तरकारी उत्पादन समुह | ६ | भिम ब. जेठारा | ९८४७५१६३५२ |
| २ | बामिली स्याउ उत्पादन कृषक समुह | ४(बासकाटीया) | भुपेन्द्र ब. रोकाया | ९८६४७७१०२५ |
| ३ | नौनी बिनायक कृषक समुह | ३ | गणेश बोहरा | ९८६८६५५२७३ |
| ४ | मष्टामाण्डैं कृषक समुह | ५(कालुखेती) | राम ब. सिह | - |
| ५ | दहताल कृषक समुह | ४ | रंगी बोहरा | ९८६६४२४९४४ |
| ६ | हरियाली कलृषक समुह | ३ | ढुडो कामी | ९८४८६७०४२५ |
| ७ | सिदार्थ फलफुल उत्पादन कृषक समुह | १ | भुपेन्द्र ब. रोकाया | ९८६४७७१०२५ |
| ८ | श्री दुर्गा कृषि समुह | ४(नेटाकाटिया) | नविन्द्र जोशी | ९८६५७९२०१६ |




प्लाष्टिक पोखरी तथा सिचाँई कुलो निर्माण अनुदान सहयोग

**साना सिचाई निर्माण कार्यकम**

| क.म. | समुह / सहकारी | वडा नं. | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | भगीरथ आलु खेती कृषक समुह | ११ | सुरेन्द्र ब. थापा | ९८४८५८९४३४ |
| २ | मुनाल कृषक समुह | ७ | बर्म ब. रोकाया | ९८६९४४१०९९ |
| ३ | भगवती अन्नबाली कृषक समुह | ७ | गणेश ब. सिह | ९८६५९८३४५३ |
| ४ | लामरकोट आरफिया भिटा आलु उत्पादन समुह | ११ | ममता कु. खड्का | ९८६२४७१२१० |
| ५ | श्री कालिका उत्पादन कृषक समुह | ५ (मोतुवा) | टेक ब. सिह | ९८४४६६५०९२ |
| ६ | श्री डाँडा बाघ कृषक समुह | ५ | भक्त ब. सिह | ९८४५८३७९७७ |
| ७ | भुमिदेव कृषक समुह | १ | धर्मराज बोहरा | ९८६५४९६३१७ |
| ८ | युवा कृषक समुह | ४ | अमृत बोहरा | ९८६९९१९५१५ |

| | | | | |
|---|---|---|---|---|
| ९ | लाँगादेव कृषक समुह | ३ | कलक बिक | ९८४८६७०४२५ |
| १० | श्री निलखटी कृषक समुह | ७ | | |
| ११ | पातल आलु उत्पादन कृषक समुह | १ | लाल ब. खड्का | ९८६५४९६०४७ |
| १२ | श्री मष्टा कृषि उद्यम विकास उपभोक्ता सहकारी सस्था लि | २ | डम्मर धामी | ९८४८६४०५०० |
| १३ | भवानी महिला कृषक समुह | २ | मोतीकला बोहरा | ९८६२४७१३५७ |
| १४ | गोपाल फलफुल तथा तरकारी फर्म | ५ | सत्यदेवी खत्री | ९८६४६४७७७५ |
| १५ | पाथीभेरे कृषि सहकारी सस्था लि | ७ | पदम ब. मण्डेल | ९८१२७२७००२ |





साना सिचाँई अन्तर्गत सिचाँई ट्यांकी

**चिप्स उद्योग स्थापना कार्यक्रममा सहयोगः**

जिल्लामा आलुको खपत तथा नियमित बजारीकरण स्थापित गर्नुका साथै आलुको क्षेत्र विस्तार, उत्पादन  र उत्पादकत्व बढाई प्रशोधित परिकार मुख्यगरी आलु चिप्स तयार गरी बेच्न यस परियोजना कार्यान्वयन इकाई र  जयपृथ्वी नगरपालिका -११ स्थित सुर्मा देवी कृषि सहकारी संस्था लि. को सहकार्यमा चिप्स उद्योग कार्यक्रम स्थापना भएको छ।

| क.म. | समुह / सहकारी | वडा नं. | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | श्री सुर्मा देवी कृषि सहकारी संस्था लि | ११ | पदम राज जोशी | ९८६४९५४६६९ |




चिप्स उध्योग निर्माण

**कृषि औजार तथा मेसिनरी उपकरण वितरण सहयोगः**

जोन क्षेत्रमा आबद्ध आलु खेती गर्ने किसानको उत्पादन लागत तथा श्रम सहभागिता घटाउन जग्गाको खनजोत, जमिनको तयारी गर्नको लागि यस आर्थिक बर्षमा २४ वटा हाते ट्याक्टर ,१ वटा हिल्याउने मेसिन तथा ६ वटा बाझो जोत्ने फालीमा ५० प्रतिशत अनुदान सहयोगमा वितरणगरिएको छ।

| क.म. | समुह / सहकारी | वडा नं. | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | श्यामदेव कृषक समुह | ४ | सुरेन्द्र ब. रोकाया | ९८४८०५२९२८ |
| २ | जनहित विकास कृषक समुह | १ | रामचन्द्र रोकाया | ९८४८५४७७२६ |
| ३ | भवानी कृषक समुह | ७ | शान्ती बोहरा | ९८४९०८३७९१ |
| ४ | तल्लाठकुन्ना महिला कृषक समुह | ७ | गिता बोहरा | ९८६५६१३२०० |
| ५ | महादेव आलु बिउ उत्पादन कृषक समुह | ५ (थलारा) | झलक बोहरा | ९८४०९२९५६६ |
| ६ | भवानी कृषक समुह | ७ (नौरा) | गोपी बोहरा | ९८०५७५३२६८ |
| ७ | गैरा तरकारी उत्पादन कृषक समुह | ७ (बुडखोरी) | चख धामी | ९८६५९५८६८९ |
| ८ | मिलिजुली कृषक समुह | ६ | तिलक बुढा | ९८४४१०८६३१ |
| ९ | श्यामदेव कृषक समुह | ४ | सुरेन्द्र ब. रोकाया | ९८४८०५२९२८ |
| १० | कालिका कृषि सहकारी सस्था लि. | ५ | अशोक राज जोशी | ९८६४६२६१०६ |
| ११ | कैलाशदेव महिला कृषि समुह | ४(खत्रीबाडा) | योगेन्द्र कु. खत्री | ९८६८४३९८२० |
| १२ | त्रीवेणी कृषक समुह | ५ | विपना कु. साही | ९८६६३४०८६९ |
| १३ | श्री मष्टा सिर्जनशील कृषक समुह | १(कैलाश) | | ९८६८५४४१६४ |
| १४ | धलदेउ कृषक समुह | १ | गोरख थापा | ९८४८४५८११८ |
| १५ | लाँगादेव कृषक समुह | ३ | सोभान बोहरा | ९८४०५२७४९० |
| १६ | सुर्मा देवी सिर्जनसिल कृषक समुह | २ | हरिचन्द्र बोहरा | ९८४०५५९३६३ |
| १७ | सुर्मा हिमाली बहुउदेश्शीय सहकारी संस्था लि. | ५ | फुल्या बोहरा | ९८६४५८६७०६ |
| १८ | सुर्मा फलफुल कृषक समुह | ४ | हिक्मत पुजारा | ९८४८८५७५७७ |
| १९ | लालिगुराँस कृषक समुह | ६ | रबिन्द्र कु. सिह | ९८६८६५५२७३ |
| २० | ताला चौर कृषक समुह | ६ | [illegible] | [illegible]२७०९ |
| २१ | सुर्मा सरोवर कृषक समुह | ४ | [illegible] | [illegible]०१३ |





कृषि औजार तथा मेसीनरी उपकरणवितरण

**गुणस्तरिय बीउ आलु (पि.वि.एस) वितरणमा अनुदान सहयोगः**

बझाङ्ग जिल्लामा गुणस्तरीय बीउ आलुको सहज उपलब्धताको लागि यस परियोजना कार्यान्वयन इकाईले १०००० दाना पूर्व मूल बीउ आलु ५० प्रतिशत अनुदानमा वितरण गरियो। जसले गर्दा जिल्लाका आलु किसान स्तरमा बीउ आलुको उत्पादन सुरु गरिएको छ। यसका साथै कृषक समुह, सहकारी तथा कृषि फर्मलाई बीउ आलुको आवश्यकता पहिचान गरी खायन आलु विउमा पनि ५० प्रतिशत अनुदानमा सहयोग गरिएको छ।

**पोष्ट हार्भेष्ट सेन्टर स्थापना कार्यक्रममा सहयोगः**

उत्पादन पछिको क्षति कम गर्न, व्यसायिक तथा प्रतिस्पर्धात्मक रुपमा सिधै ठूलो बजार संग जोड्नको लागि पोष्ट हार्भेस्ट सेन्टरलाई संकलन केन्द्रको रुपमा विकास गरी सुर्मा गा.पा. वडा नं २ दोगडीमा आदर्श कृषक समुहको सहकार्यमा स्थापना भएको छ।सो सेन्टरले यहि सिजनमा पनि आलु संकलन गरि डडेल्धुराको पठाएको छ ।

| क.म. | समुह / सहकारी | वडा नं. | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | आर्दश कृषक समुह | २ | कलक बोहरा | ९८६८५१२००२ |





**आलु उत्पादन, प्याकेजिङ्ग, लेबलिङ्गमा अनुदान सहयोगः**

आलुको व्यवसायिक खेती संगै उत्पादनको सहज बजारीकरण तथा उचित मुल्य प्राप्त गर्नको लागि आलु उत्पादक कृषक तथा व्यापारीहरुलाई ५० प्रतिशत अनुदानमा ४००० वटा आलु राख्ने जालीदार बोरा, २० वटा डिजिटल तराजु वितरणका साथै प्याकेजिङ्ग र लेबलिङ्गमा सहयोग गरियो ।






आलु उत्पादन, प्याकेजिङ्ग, लेबलिङ्ग तथा बजारिकरणमा अनुदान




क्रप कटिङ




आलुमा मल्चिङ प्रविधिको प्रयोग

### ३.८आ.व.२०७६/७७ मा गठित जोन संचालक समितिका पदाधिकारीहरुको विवरण:

| क्र.स | नामथर | ठेगाना | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | पदमराज जोशी | ज.न.पा-११ | संयोजक | ९८६४७५४६६९ |

| | | | | |
|---|---|---|---|---|
| २ | अस्मिता धामी | सुर्मा गाउँपालिका | उपसंयोजक | ९८६३१०००१३ |
| ३ | गणेश बहादुर सिह | खप्तड छान्ना गा.पा | सचिव | ९८६५९८३४५३ |
| ४ | गोपी बोहरा | छबिस पाथिभेरा गा.पा | सहसचिव | ९८०५७५३२६८ |
| ५ | चरनदेवि बिष्ट | तलकोट गा.पा | सदस्य | ९८६५९६९७७२ |
| ६ | मोतिकला बिष्ट | मष्टा गा.पा | सदस्य | ९८६२४७१३५७ |
| ७ | धर्मराज बोहरा | सुर्मा गा.पा | सदस्य | ९८६५४९६३१७ |
| ८ | सुरेन्द्र रोकाया | खप्तड छान्ना गा.पा | सदस्य | ९८४८०५२९२८ |
| ९ | डबल खड्का | ज.न.पा-१ | सदस्य | ९८६७८८०५५५ |

## ३.९ आ.व.२०७६/७७माआलुजोनकार्यक्षेत्रअन्र्तगतसुचिकृतभएकाकुषिउद्यमी,कृषकसमुहरकृषिसहकारीहरुकोनगर/गाउँपालिकाअनुसारको विवरण

**सुर्मा गाउँपालिका**

| समुह/सहकारीको/उद्यमीको नामथर | वडा.न | क्षेत्रफल रोपनी | म. | पु. | द. | जन. | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| धौलदेउ कृषक समुह | ५ | १०० | ९ | ८ | - | - | १७ | |
| सुर्मा फलफुल कृषक समुह | ४ | १५० | ७ | १८ | - | - | २५ | |
| सुर्मा सरोवर कृषक समुह | ४ | २०० | ९ | १६ | - | - | २५ | |
| धल्देल आलुबाली कृषक समुह | २ | २५० | १२ | १३ | - | - | २५ | |
| काल्थुम आलुबाली कृषक समुह | २ | २५० | ९ | १६ | - | - | २५ | |
| हरियाली कृषक समुह | ३ | १०० | ३२ | ६८ | - | - | १०० | |
| नौनी विनायक कृषक समुह | ३ | १०० | ५ | १० | - | - | १५ | |
| दहताल कृषक समुह | ४ | १०० | १० | १४ | - | - | २४ | |
| धलदेउ कृषक समुह | १ | २०० | ५० | ३० | - | - | ८० | |
| युवा कृषक समुह | ४ | ६ | ४ | २१ | - | - | २५ | |
| श्री हरिचन्द्र स्मृति सहकारी संस्था लि. | ४ | २१५ | १६ | १० | २ | - | २८ | |
| श्री सुर्मा देवि कृषक समुह | २ | १०० | ८ | १७ | - | - | २५ | |
| भुमिदेव कृषक समुह | १ | ३०० | ५ | १० | - | - | १५ | |
| बुढा विनायक कृषक समुह | १ | १५० | १८ | ७ | - | - | २५ | |
| आदर्स कृषक समुह | २ | १३० | १४ | ११ | - | - | २५ | |
| सिदार्थ फलफुल उत्पादक कृषक समुह | १ | १५० | ८ | ७ | - | - | १५ | |
| लाङगादेव कृषक समुह | ३ | ८० | १७ | ८ | २५ | - | २५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| लाङगादेव कृषि समुह | ३ | ९८ | ६ | ९ | - | - | १५ | |
| श्री सुर्मा हिमाली बहुउदेश्यिय सहकारी संस्था लि. | ५ | १८० | ५० | ८९ | ११ | - | १५० | |
| लाङगादेव कृषक समुह | २ | १२० | ४ | ११ | - | - | १५ | |

## तलकोट गाउँपालिका

| समुह/सहकारीको/उद्यमीको नामथर | वडा.न | क्षेत्रफल रोपनी | म. | पु. | द. | जन. | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| पाटन फलफुल तथा तरकारी उत्पादन समुह | ६ | ३५ | १० | ३६ | - | - | ४६ | |
| लालिगुँरास कृषक समुह | ६ | ७३ | ७ | १० | २ | - | १९ | |
| आराकाट्ने फलफुल तथा आलु उत्पादन कृषक समुह | ७ | २०० | २५ | - | २ | - | २७ | |
| श्री निलखटी कृषक समुह | ७ | ५०० | ९२ | ६८ | - | - | १६० | |
| कैलाश आलु उत्पादन कृषक समुह | ७ | २०० | १० | १५ | - | - | २५ | |
| ताला चौर कृषक समुह | ६ | २०० | १३ | १४ | - | - | ४७ | |
| नव उदय कृषक समुह | ६ | २१० | ६ | १९ | - | - | २५ | |
| लागां कृषक समुह | ६ | २५० | ७ | ८ | ३ | - | १८ | |

## मष्टा गाउँपालिका

| समुह/सहकारीको/उद्यमीको नामथर | वडा.न | क्षेत्रफल रोपनी | म. | पु. | द. | जन. | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| भवानी महिला कृषक समुह | २ | १०० | १५ | २३ | - | - | ३८ | |
| पातल आलु उत्पादन कृषक समुह | १ | ८० | १६ | ४० | - | - | ५६ | |
| श्री मष्टा कृषि उद्यम विकास उपभोक्ता सहकारी संस्था लि. | २ | २०० | २५ | ९४ | ८ | - | १२७ | |
| आपसमा कृषक समुह | ७ | २०० | १३ | २ | - | - | १५ | |
| श्री कृषक भवानी महिला आमा समुह | १ | ४०० | २८ | - | - | - | २८ | |
| तल्ला ठगुन्ना महिला कृषक समुह | ७ | १३१ | १७ | - | - | - | १७ | |
| जनहित विकास कृषक समुह | १ | ६० | ७ | ८ | - | - | १५ | |
| घटाल महिला कृषक समुह | १ | ५० | ७ | - | - | - | ७ | |
| खाडावेताल महिला कृषक समुह | १ | ७७ | २४ | - | - | - | २४ | |
| श्री भवानी कृषक समुह | ७ | ५० | ७ | ८ | - | - | १५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**खसड छान्ना गाउँपालिका**

| समुह/सहकारीको/उद्यमीको नामथर | वडा.न | क्षेत्रफल रोपनी | म. | पु. | द. | जन. | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| मल्लो बामिली स्याउ उत्पादन समुह | ४ | ५० | ६ | ९ | - | - | १५ | |
| मष्टा माण्डौ कृषक समुह | ५ | ५५ | २० | | - | - | २० | |
| श्री मष्टा कृषक समुह | ५ | ५० | २० | २० | - | - | ४० | |
| जयदुर्गा भवानी कृषक समुह | ४ | ३०० | १० | ५ | - | - | १५ | |
| कालिका कृषि सहकारी संस्था लि. | ५ | ३५० | ७ | ११ | २ | - | २० | |
| महष्टेश्वरि आलु उत्पादन कृषक समुह | ७ | १३१ | १६ | ९ | - | - | २५ | |
| श्री खारपेश्वरी कृषक समुह | ५ | २३० | १६ | | - | - | १६ | |
| लिगापाटन आलुखेती कृषक समुह | ४ | ६० | ५ | १० | - | - | १५ | |
| मुनाल कृषक समुह | ७ | ६० | १५ | १० | - | | २५ | |
| त्रीवेणी कृषक समुह | ५ | २५ | ९ | ६ | - | - | १५ | |
| श्री दुर्गा कृषि समुह | ४ | ७० | ८ | ७ | - | - | १५ | |
| कैलाशदेव महिला कृषि सहकारी संस्था लि. | ४ | ८० | २५ | | - | | २५ | |
| श्यामदेव कृषक समुह | ४ | १०० | १९ | ३ | | | २२ | |
| डाडावाघ कृषक समुह | ५ | १२० | १८ | ७ | | | २५ | |
| खसड कृषक समुह | ५ | ५० | १० | ५ | | | १५ | |
| आधुनिक अन्नबाली तथा तरकारी कृषक समुह | ४ | १५० | २ | १३ | - | - | १५ | |
| समानता कृषक समुह | ४ | ३०० | १० | ७ | - | - | १७ | |
| गोपाल फलफुल तथा तरकारी फर्म | ५ | १० | १ | | - | - | १ | |
| बामिली स्याउ उत्पादन कृषक समुह | ४ | ५० | ५ | ९ | १ | - | १५ | |
| भगवति अन्नबाली कृषक समुह | ७ | ५८ | १४ | १० | - | - | २४ | |
| कालिका उत्पादन कृषक समुह | ५ | ५० | २३ | २ | - | - | २५ | |

**छविसपाथिभेरागाउँपालिका**

| समुह/सहकारीको/उद्यमीको नामथर | वडा.न | क्षेत्रफल रोपनी | म. | पु. | द. | जन. | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| मिलिजुलि कृषक समुह | ६ | ८० | १६ | ४० | - | - | ५६ | |
| पाथिभेरे कृषि सहकारी संस्था लि. | ६र७ | २१६ | २६ | २२ | - | - | ४८ | |
| एकिकृत वाशुधारा पशुपन्छी फर्म | ७ | १० | १ | | - | - | १ | |
| बुडखोरी आलु उत्पादन कृषक समुह | ७ | २०० | ३१ | २१ | - | - | ५२ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गैरा तरकारी आलु उत्पादन कृषक समुह | ७ | १५० | १३ | ११ | - | - | २४ | |
| श्री भवानी कृषक समुह | ७ | १०० | २६ | २ | - | - | २८ | |
| महादेव आलु बिउ उत्पादन समुह | ५ | २०० | ८ | १२ | - | - | २० | |
| नौरा आलु उत्पादन समुह | ७ | २५० | १३ | १२ | - | - | २५ | |

**जयपृथ्वीनगरपालिका**

| **समुह/सहकारीको/उद्यमीको नामथर** | **वडा.न** | **क्षेत्रफल रोपनी** | **म.** | **पु.** | **द.** | **जन.** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| लाङादेव आलु उत्पादन कृषक समुह | ११ | २० | २० | | | - | २० | |
| श्री लामरकोट आरफ्या भिटा आलु उत्पादन समुह | ११ | १८० | १५ | १० | ५ | - | ३० | |
| रुपान्तरण कृषक समुह | १ | १०५ | १० | १५ | - | - | २५ | |
| श्री सुर्मा देवि कृषि सहकारी संस्था लि. | ११ | १५० | ५० | ५० | - | - | १०० | |
| मष्टा सिर्जनसिल कृषक समुह | १ | ६५ | १४ | ११ | - | - | २५ | |
| मयाना आलु उत्पादन कृषक समुह | ११ | २०० | १० | ८ | - | - | १८ | |
| श्री गुराउँसे पारिभगडा आलु उत्पादन समुह | ११ | ५०० | ४ | १६ | - | - | २० | |
| श्री बीउ आलु उत्पादन कृषक समुह | ११ | १११ | ७ | १९ | - | - | २६ | |
| सुर्मा देवि हिउँदे फलफुल कृषक समुह | ११ | १०० | ५० | ५० | - | - | १०० | |
| हरित क्रान्ति कृषक समुह | १ | ६० | ७ | ८ | - | - | १५ | |
| भगिरथ आलु खेती कृषक समुह | ११ | ७५ | ४ | ५ | - | - | ९ | |
| शिव कृषक समुह | १ | १०० | १७ | ६ | - | - | २३ | |
| उत्तम हरियाली कृषक समुह | १ | ५० | १४ | ११ | - | - | २५ | |
| मुडीतैन फलफुल तथा तरकारी उत्पादन कृषक समुह | ११ | ६० | १५ | - | - | - | १५ | |
| तोलागाउँ कृषक समुह | १ | १२५ | २१ | ४ | - | -- | २४ | |

### ३.१० आ.व २०७६/७७ मा जोन क्षेत्रमा प्रवाह गरिएका सेवाहरु

- समुह गठन, सुचिकरण
- गोष्ठी, तालिम (प्रविधि, बजार, योजना तर्जुमा)
- बाली कटानी कार्यक्रम

- प्रविधि विस्तार, प्रदर्शन, प्रवर्धन
- प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रम
- पोष्ट हार्भेष्ट सेन्टर स्थापना (५० प्रतिशत अनुदानमा)
- साना सिंचाई निर्माण कार्यक्रम (५० प्रतिशत अनुदानमा)
- चिप्स उद्योग स्थापना कार्यक्रम (५० प्रतिशत अनुदानमा)
- प्लाष्टिक पोखरी निर्माँण कार्यक्रम(५० प्रतिशत अनुदानमा)
- रष्टिक स्टोर निर्माण कार्यक्रम(५० प्रतिशत अनुदानमा)
- बजारिकरणमा अनुदान कार्यक्रम(५० प्रतिशत अनुदानमा)
- आलु बीउ वितरण कार्यक्रम (५० प्रतिशत अनुदानमा)

# ४.जोन प्रोफाइल

## ४.१ जोन प्रोफाइल निर्माणका उदेश्यहरुः

यस जोन प्रोफाइल निर्माण गर्नुको मुख्य उदेश्यहरु भनेको आ.व २०७६-७७ मा बझाङ जिल्लामा लागु भएका जोन कार्यक्षेत्रको तपशिलको विवरण पत्ता लगाउनु हो ।

- जोन कार्य क्षेत्रमा आवद्धकृषकहरुको विवरण अध्यावधिक गर्ने ।
- जोन क्षेत्रमा समावेश भएको बाली वस्तुको क्षेत्रफल, उत्पादन, तथा आम्दानी पत्ता लगाउने ।
- कृषकको परम्परागत ज्ञानलाई आत्मसाथ गर्दै नयाँ तथा उपयुक्त प्रविधिको अवलम्वन गर्ने ।
- जोन क्षेत्रका प्रमुख समस्याहरु र कृषकको भावी योजनाहरु बिशलेषण गर्ने ।

- जोन क्षेत्रभरिका कृषकको समस्या सल्लाह सुझावलाई आत्मसाथ गर्दै अगाडी बढ्ने ।
- आगामी वर्ष आलु बालीको उत्पादन र उत्पादकत्व बढानुका साथै थप आलु बालीको क्षेत्र विस्तार गरी बझाङ जिल्लालाई आलुमा आत्मनिर्भर मात्रै नभई निर्यात योग्य जिल्ला बनाउने ।
- जोन क्षेत्रमा सुधार गर्नुपर्ने पक्षलाई केलाउदै नराम्रा पक्षलाई सुधार गर्दै जाने ।
- आगामी वर्षमा गर्नुपर्ने कार्यका लागि उपयुक्त रणनिति तथा पहल, कदमी चाल्ने ।

### ४.२ जोन प्रोफाइल तयारी विधिः

यस जोन प्रोफाइल विधि तयार गर्दा कोभिड-१९ को महामारीमा पनि जोन प्रोफाइल तयारीका लागि तथ्याङ्क (संकलन) गरियो । यसरी तथ्याङ्क संकलन गर्दा जोन क्षेत्र लागु भएका ठाउँहरुबाट प्रत्यक्ष बार्तालाप, फिल्ड अवोलकन र सामुहिक छलफल, गरि गरिएको थियो । यसरी प्रत्यक्ष बार्तालाप, फिल्ड अवोलकन , सामुहिक छलफल गर्नुभन्दा पहिला प्रश्नावलि तयारी ,प्रश्नावली परिक्षण, प्रश्नावली सच्याई तथा छपाउने कार्य गरिएको थियो । यसरी भरपर्दो र विश्वासिलो तथ्याङ्क संकलन गर्नको लागि प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना ,परियोजना कार्यान्वयन इकाई (आलु जोन) बझाङ मा इन्टर्न को लागि आउनु भएका बिद्यार्थि र परियोजना कार्यान्वयन इकाईमा कार्यरत ना.प्रा.स हरुलाई तथ्याङ्क संकलनका बारेमा अभिमुखिकरण तालिम संचालन गरी उहाहरुलाई उक्त प्रश्नावली दिई जोन क्षेत्र लागु भएका ठाउँमा तथ्याङ्क संकलनका लागि पठाइयो र यसरी उनीहरुले संकलन गरेका तथ्याङ्कहरुलाई विश्लेषण गरियो । यसरी आएका प्रारम्भिक तथ्याङकलाई एम.एस एक्सल सिटमा प्रबिष्ट गरी बिभिन्न सुचकहरुको कुल जोड , औसत, प्रतिशत आदि निकाल्ने कार्य गरियो । यसरी नमुना तथ्याङकबाट निकालिएको तथ्याङकलाई बिश्लेषण गरी यो जोन प्रोफाइल तयार गरिएको हो ।

## ५.सर्वेक्षण प्रतिवेदन(बझाङ जिल्लामा आलु उत्पादनको स्थिति)

### साराशं

आलु जोनका कार्यक्रमहरुलाई प्रभाकारी रुपमा लागु गर्न जोन क्षेत्रको आधारभूत विवरण उपलब्ध हुन अपरिहार्य छ ।तसर्थ जोन क्षेत्रका किसानहरुको आर्थिक सामाजिक अवस्था बुझ्न तथा यस क्षेत्रमा आलु उत्पादनको वस्तुगत स्थिति पहिचान गर्न विसं २०७७ जेठ-असार जोन क्षेत्रमा नमुना घरधुरी सर्वेक्षण गरियो । कुल ३२० घरधुरीमा गरिएको यस सर्वेक्षणमा १०० ओटा नमुना खप्तड छान्ना गाउँपालिकाबाट, ९० ओटा सुर्मा गाउँपालिकाबाट, ७० ओटा तलकोट र मष्टा गाउँपालिकाबाट र ६० ओटा नमुना जयपृथ्वी नगरपालिका र त्यससँग जोडिएका नजिकका क्षेत्रबाट लगिएका छन् ।घरधुरी सर्वेक्षणका लागि प्रश्नावली

तयार गरी घरघरमा गएर व्यक्तिगत अन्तरवार्ता गरिएको थियो । यसैगरी समुहगत छलफल तथा सरोकारवाला व्यक्तिहरुको अन्तरवार्ता मार्फत आएको विवरणलाई र जिल्लामा कृषिसँग सम्वन्धित विभिन्न कार्यालयबाट प्राप्त जानकारीलाई पनि डाटाको रुपमा प्रयोग गरियो ।यस सर्वेक्षणमा ७५ प्रतिशत पुरुष र २५ प्रतिशत महिला सहभागी भएका थिए । सर्वेक्षेण अनुसार ८५ प्रतिशत घरमा घरमुली पुरुष रहेको पाइयो भने १५ प्रतिशत घरमा मात्रै घरमुली महिला रहेको पाइयो ।यसैगरी घरमुलीको औसत उमेर ४९ वर्ष पाइयो भने घरमुलीले औसतमा ५ कक्षा सम्म अध्ययन गरेको पाइयो । परिवारको औसत आकार ७.७९ रहेको पाइयो जसमा पुरुषको औसत संख्या ३.८२ र महिलाको औसत संख्या ३.९७रहेको पाइयो । जोन क्षेत्रका कृषकहरुको वार्षिक आम्दानी करिब दुई लाख पचास हजार जति रहेको देखियो । कृषि र पशुपालनबाट क्रमशः ६५ हजार र ४७ हजार वार्षिक आम्दानी हुने रहेछ । सर्वेक्षण गरिएको सबै स्थानमा सडकको पहुँच रहेको पाइयो भने ६८ प्रतिशत घरधुरीमा मात्रै विद्युत सेवा उपलब्ध रहेको पाइयो । यसैगरी जोन क्षेत्रमा ९२ प्रतिशतले मोबाइल फोन सेवा प्रयोग गर्दा रहेछन् । जोन क्षेत्रभरी औसतमा एउटा घरधुरीसँग ९.७३ रोपनी जग्गा रहेछ जसमध्ये २.७८ रोपनीमा आलुखेती गरिदो रहेछ । जिल्लामा हिउँद र वर्खा गरी दुइ सिजनमा आलु लगाउने रहेछन् । लेकाली भेगमा वर्खे आलुको खेती (माघ/फागुन-भदौ/असोज) गरिदो रहेछ भने वेंसी क्षेत्रमा हिउँदे आलुको खेती (कार्तिक/मंसिर-जेठ/असार) गरिदो रहेछ । यस सर्वेक्षणबाट जम्मा ४७ हेक्टरमा क्षेत्रफलमा आलुको कुल उत्पादन ५२५ टन र उत्पादकत्व ११.०६ टन/हेक्टर रहेको देखियो ।उत्पादित आलु मध्ये करिब १० प्रतिशत आलु उत्पादन उपरान्त क्षति हुने रहेछ । यसैगरी १८ प्रतिशत बीउको रुपमा प्रयोग हुने रहेछ भने ३० प्रतिशत घरमै खानको लागि प्रयोग हुने रहेछ र ४२ प्रतिशत आलु विक्री हुने रहेछ । जोन क्षेत्रभरी ९० प्रतिशत बीउको श्रोत आफ्नै उत्पादन रहेको देखियो भने १० प्रतिशतले स्थानीय स्तरमा खरिद गर्ने गरेको बताए ।यस क्षेत्रमा खाडल, भकारी, डोको/बोरा र फिँजाएर राख्ने गरी चार किसिमका भण्डारण तरिका अपनाइएको पाइयो । आलुमा लाग्ने प्रमुख रोग डढुवा रहेछ भने कीराहरुमा रातो कमिला र खुम्रे रहेछन । सर्वेक्षणमा सहभागी मध्ये ४७ प्रतिशत किसान अथवा परिवारको कुनै सदस्य कृषि समुह वा सहकारीमा आवद्ध भएको देखिए भने ५३ प्रतिशत किसान समुह सहकारीमा आवद्ध भएको देखिएनन् ।कुल सहभागी मध्ये ८५ प्रतिशत किसानले आलुको क्षेत्र विस्तार गर्न इच्छुक भएको बताए जसअनुसार अहिले खेती गरिदै आएको जति थप क्षेत्रफलमा आलु खेती विस्तार गर्न सकिने देखियो । किसानहरुले रोग कीरा, गुणस्तरीय बीउको अभाव, सिँचाइको कमी, उत्पादन उपरान्त भण्डारण सुविधा नहुनु आदिलाई आलु उत्पादनमा रहेका समस्याको रुपमा बताएका छन् भने पूर्वाधारको विकास र प्रविधिको विस्तारमा सहयोगको अपेक्षा राखेका छन् ।

## ५.१ परिचय

कृषि क्षेत्र नेपाली अर्थतन्त्रको बलियो आधार हो । नेपालको कुल ग्राहस्थ उत्पादनमा करिब एक तिहाई योगदान कृषि क्षेत्रको रहेको छ भने करिब दुई तिहाई जनसंख्या यसमा प्रत्यक्ष आश्रित छ । नेपालको जनसंख्याको ठूलो हिस्सा कृषिमा निर्भर भएपनि देशभित्रको उत्पादन बजारको माग आपूर्ति गर्न पर्याप्त छैन ।कृषि मन्त्रालयका अनुसार नेपालले प्रत्येक वर्ष करिब सवा अर्व मूल्यको खाद्यान्न आयात गर्ने गर्दछ। निर्वाहमुखी कृषि प्रणालीबाट माथि उठेर ब्यापक रुपमा कृषिको व्यावसायिकरण हुन नसक्नु, उत्पादनको विविधिकरण र बजार व्यवस्थापनमा उचित ध्यान दिन नसक्नु, कृषि पूर्वाधारको अभाव हुनु, कृषि प्रविधिको द्रुत विस्तार हुन नसक्नु आदि कृषि क्षेत्रले अपेक्षित प्रगती हासिल गर्न नसक्नुका प्रमुख कारणहरु

हुन् । यसैगरी कृषि क्षेत्रले सामाना गर्नुपरेका अन्य समस्याहरुमा श्रम शक्तिको अभाव, जलवायु परिवर्तनबाट सिर्जित समस्याहरु प्राकृतिक प्रकोप, उत्पादन सामाग्रीको अभाव, उत्पादित वस्तुको मुल्यमा उतारचढाव आदि रहेका छन् ।वर्तमान परिप्रेक्षेमा कृषिमा विभिन्न समस्या र चूनौती देखिएता पनि नेपाली अर्थतन्त्रलाई मजबुत बनाइ मुलुकको समग्र आर्थिक विकासको राष्ट्रिय लक्ष्य पूरा गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने क्षेत्र भनेको कृषि क्षेत्र नै हो ।

कृषिमा विद्यमान विभिन्न समस्याहरु समाधान गरी निर्वाहमुखी कृषिलाई व्यावसायिक नाफामूलक, दिगो र प्रतिस्पर्धी बनाउन कृषिक्षेत्रमा आधुनिकीकरण अपरिहार्य छ । आधुनिकीकरण र व्यावसायिकरणको यही अवधारणालाई मूर्त रुप दिन छरिएर रहेका स्रोत साधनलाई एकिकृत गरी सम्भावना, भौगोलिक बनावट, र मौसमको अनुकुलता अनुसार बाली विशेषको छनोट गरी सघन खेती प्रणाली अवलम्वन, मूल्य श्रृङ्खला विकास प्रशोधन तथा औद्योगिकरण मार्फत कृषिमा आत्मनिर्भर भई निर्यात प्रवर्धन गर्न विसं २०७२ साल देखि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चालनमा आएको छ ।यो परियोजना स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट तयार भएको कृषि विकास रणनीति (ADS) कार्यन्वयनको सहयोगी परियोजना हो । हाल यस परियोजनाले आफ्ना निर्दिष्ट लक्ष्यहरु पूरा गर्न पकेट, ब्लक जोन र सुपरजोन गरी चार सम्भागहरु मार्फत काम गरिरहेको छ ।

सोही अनुरुप बझाङ जिल्लामा आलु खेतीको सम्भावना पहिचान गरी यस जिल्लामा आलु जोनको कार्यालय स्थापना गरिएको छ ।यस कार्यालयले स्थानीय अवसर र सम्भावनालाई उपयोग गरी प्रविधिको विस्तार मार्फत जिल्लामा आलुको उत्पादन र उत्पादकत्व वृद्धि गरी जिल्लाई आलु उत्पादनमा आत्मनिर्भर बनाउने र आलु निर्यात मार्फत कृषकहरुको आम्दानी बढाइ उनीहरुको जीवनस्तर उकास्ने लक्ष्य लिएको छ ।यसै क्रममा वर्तमान अवस्थामा यस परियोजनका कार्यक्रमहरु सञ्चालन गरी निश्चित प्रतिफल प्राप्त गर्न र भविष्यमा कार्यक्रम कार्यन्वयनको प्रभावकारिता मापन गर्न आलु खेती हुने क्षेत्र र सो क्षेत्रका किसानहरुको आधारभूत विवरण आवश्यक पर्ने भएकाले यस अध्ययनको आवश्यकता परेको हो । यस अध्ययनबाट जिल्लामा आलु उत्पादनको समग्र स्थिति र आलु कृषकहरुको आर्थिक-सामाजिक अवस्थाको आधारभूत विवरण प्राप्त भएको । यसैगरी आलु खेतीमा विद्यमान समस्या र आलु किसानाका आवश्यकताहरुको समेत पहिचान भएको छ ।

### ५.२अध्यनको उद्धेश्यः

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यन्वयन ईकाइ आलु जोनबझाङका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन र परियोजनाका लक्ष्यहरु प्राप्त गर्न जोन क्षेत्रको आधारभूत विवरण तयार पारी जोन प्रोफाइल निर्माण गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो । यसका अन्य विशिष्ट उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- जोन क्षेत्रका कृषकहरुको जानसांख्यिक विवरणलाई अभिलेख गर्नु
- जोन क्षेत्र भित्रको खेती प्रणाली र भू उपयोग अवस्थाको जानकारी प्राप्तगर्नु

- बझाङ जिल्लामा आलु खेतीको क्षेत्रफल, उत्पादन, उत्पादकत्व र बालीसँग सम्बन्धित अन्य विवरण प्राप्त गर्नु
- आलु खेतीमा विद्यमान समस्याहरु पहिचान गरी समाधानका उपायहरुको खोजी गर्नु
- परियोजनाका क्रियाकलापहरुलाई लक्ष्य प्राप्तिका लागि निर्देशित गर्नु

## ५.३सैद्धान्तिक समीक्षा

### ५.३.१ आलु खेतीको उत्पत्ति तथा यसको इतिहास

आलुको उत्पत्ति दक्षिण अमेरिकाको एण्डीज पर्वत श्रृङ्खला भित्र पर्ने हालको पेरु र बोलिभिया क्षेत्रमा भएको हो ।उक्त क्षेत्रमा करिब ८००० वर्ष अघिदेखि आलु खेती गरिदै आएको अनुमान गरिन्छ ।लामो समयसम्म एण्डीज क्षेत्रमै सीमित रहेको आलु खेती सर्वप्रथम सन् १५७० मा स्पेन हुँदै युरोप प्रवेश गर्यो ।स्पेनबाट युरोपका विभिन्न देशहरु फिनल्याण्ड, नेदरल्याण्ड्स, जर्मनी, फ्रान्समा फैलिएको आलु आयरल्याण्डमा प्रमुख खाद्यबालीको रुपमा नै स्थापित भयो । (FAO, 2008)

युरोपबाट बाहिर विस्तार हुने क्रममा १७ औं शताब्दीको सुरुतिर आलुले भारतमा प्रवेश पायो भने सोही शताब्दीको अन्त्यतिर नेपालमा भित्रिएको मानिन्छ । नेपाल भित्रिएको लामो समयसम्म आलु बालीले खासै महत्व पाउन सकेन । नेपाल भित्रिएको करिब १५० वर्षपछि सरकारी स्तरमा आलु उत्पादन वृद्धि गर्ने प्रयास भयो र फलस्वरुप विसं २०२९ सालमा राष्ट्रिय आलु विकास कार्यक्रमको स्थापना भयो ।(निरौला, २००८)। यससँगै नेपालमा आलु बाली विकासको संस्थागत सुरुवता भएको मानिन्छ । हाल राष्ट्रिय आलु विकास कार्यक्रमले नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत रहेर विभिन्न किसिमका अनुसन्धान तथा प्रविधि हस्तान्तरणका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

यसैगरी विसं २०७२ देखि सरकारले आलु उत्पादनको विशिष्ट सम्भावना बोकेका क्षेत्रहरुलाईप्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत पकेट, ब्लक, जोन, सुपरजोन घोषणा गरी आलु बालीको उत्पादन क्षेत्र विस्तार, आलुको व्यावसायिकरण, बजारीकरणर उत्पादनको विविधिकरणको लागि प्रयास थालेको छ ।

### ५.३.२ विश्व मानचित्रमा आलु उत्पादनको स्थिति

विश्वभरिमा आलु, धानगहुँ र ,मकै पछिको चौथो महत्वपूर्ण खाद्यान्नबाली हो । आलुलाई खाद्यान्नबाली र तरकारी दुवै रुपमा प्रयोग गर्न सकिने भएकाले यसको विशेष महत्व रहिआएको छ । अन्तर्राष्ट्रिय आलु उत्पादन केन्द्र (IPC) का अनुसार विश्वभरिमा करिब ३ अर्ब मानिसको खाद्यान्नको श्रोत हो । ठूलो संख्यामा उपभोग हुने र यसमा रहेका महत्वपूर्ण पौष्टिक तत्वका कारण आलुलाई खाद्य सुरक्षाका दृष्टिकोणबाट निकै महत्वपूर्ण बाली मानिन्छ ।

उत्पादन क्षेत्र र कुल उत्पादन परिमाणका आधारमा विश्वको चौथो बाली भएता पनि उत्पादकत्वका हिसाबले आलु अन्य खाद्यान्नबालीका तुलनामा अगाडि रहेको छ। धान गहुँ र मकैको तुलनामा आलुले एक हेक्टर क्षेत्रफलमा दुई देखि चार गुना सम्म बढी उत्पादन दिन सक्छ ।

तालिका: सन् २०१८ मा प्रमुख खाद्यान्नबालीको उत्पादन विवरण

| बाली | उत्पादनशील क्षेत्र(हे) | उत्पादन(टन.मे) | उत्पादकत्व (मे.टन/हे) |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| धान | १६७१३२६२३ | ७८२०००१४७ | 4.67 |
| गहुँ | २१४२९१८८८ | ७३४०४५१७४ | 3.42 |
| मकै | १९३७३३५६८ | ११४७६२१९३८ | 5.92 |
| आलु | १७५७८६७२ | ३६८१६८९१४ | **20.94** |

हाल विश्वका १३० देशमा आलु खेती गरिन्छ । विश्व खाद्य संगठनका अनुसार सन् २०१८ मा १ करोड ७५ लाख क्षेत्रफलमा आलु खेती गरिएकोमा यसको कुल उत्पादन ३६ करोड मेट्रिक टन रहेको थियो । विश्वभरिमा सबैभन्दा धेरै आलु उत्पादन गर्ने देश चीन हो भने निर्यात परिमाणका आधारमा नेदरल्याण्स अगाडी रहेको छ । विश्वको कुल आलु उत्पादन मध्ये करिब एक तिहाइ उत्पादनको हिस्सा चीन र भारतले ओगटेका छन् ।विश्वमा बढी आलु उत्पादन गर्ने देशहरुको सूचीमा नेपाल २४ औं स्थानमा रहेको छ । विश्व खाद्य संगठनका अनुसार सन् २०१८ मा नेपालमा ३० लाख मेट्रिक टन आलु उत्पादन भएको थियो ।

चित्र: आलु उत्पादन गर्ने दश ठूला राष्ट्रहरु



स्रोत: FAOstat, 2018

चित्र: सन् २०१८ मा आलुको क्षेत्रगत उत्पादन




स्रोत: FAOstat, 2018

### ५.३.३ विश्वमा आलु उत्पादनको वृद्धि क्रम

आलु निकै पुरानो र प्रचलित बाली भएता पनि सन् १९९० को सुरुवाती दशकसम्म यसको अधिकांस उत्पादन युरोप अमेरिका र सोभियत संघ अन्तर्गतका देशहरुमा सीमित थियो । नब्बेको दशक पछि भने विश्वका विकासोन्मुख र अविकसित देशहरुमा पनि आलुको उत्पादनमा उल्लेखनीय वृद्धि हुन थाल्यो जसले गर्दा विश्वको कुल आलु उत्पादन पनि बढ्न गयो ।सर्वप्रथम सन् २००५ मा विश्वका अविकसित र विकासोन्मुख देशहरुको कुल आलु उत्पादन विकसित देशहरुको आलु उत्पादन भन्दा बढी हुन पुग्यो । कुनै वर्ष प्रतिकुल मौसम र रोगकीराको संक्रमणका कारण उत्पादन घटे पनि समग्रमा विगत पच्चीस वर्ष (१९९४-२०१८) मा आलु उत्पादन बढ्दो क्रममा रहेको छ । सन् १९९४ मा विश्वको कुल आलु उत्पादन २७ करोड मेट्रिक टन थियो भने सन् २०१८ मा आलुको उत्पादन बढेर ३६ करोड मेट्रिक टन पुगेको छ

चित्र: विश्वमा आलु उत्पादनको वृद्धिक्रम




स्रोत: FAOstat, 2018

### ५.३.४ नेपालमा आलु उत्पादनको स्थिति

आलु नेपालको एक प्रमुख खाद्य तथा तरकारी बाली हो ।नेपालमा यसको खेती तराईको समथल भू-भाग १०० मिटर देखि उच्च पहाडको ४००० मिटर सम्म हुँदै आएको छ । नेपालका धेरै आलु उत्पादन हुने जिल्लाहरुमा काभ्रे, बारा, झापा, सोलुखुम्बु, इलम, कैलाली, बर्दिया, डडेल्धुरा, बर्दिया नुवाकोट, भक्तपुर, आदि पर्दछन्।

विसं २०७५/७६ को तथ्याङ्क अनुसार नेपालमा करिब १ लाख ९३ हजार हेक्टर क्षेत्रफलमा आलु खेती गरिँदै आइएको छ भने यसको उत्पादन ३१ लाख मेट्रिक टन रहेको छ । यसैगरी आलुको उत्पादकत्व १६.१३ मेट्रिक टन प्रति हेक्टर रहेको छ जुन अन्य अन्नबालीको तुलनामा निकै बढी हो । विश्वभरिमा नै अन्य खाद्यबालीको तुलनामा आलुको उत्पादकत्व उच्च रहेको पाइन्छ तर विश्वको औसत आलु उत्पादकत्वसँग तुलना गर्दा नेपालमा आलुको उत्पादकत्व औसत भन्दा कम रहेको छ । सन् २०१८ मा विश्वभरिमा आलुको उत्पादकत्व २०.९४ टन/हेक्टर थियो भने सोही समयमा नेपालमा आलुको उत्पादकत्व १६.१३ टन प्रति हेक्टर रहेको थियो ।

तालिकाः नेपालमा अन्य खाद्यबालीको तुलनामा आलुको उत्पादन

| | २०७४/२०७५ | | | २०७५/२०७६ | | |
|---|---|---|---|---|---|---|
| **बाली** | क्षेत्रफल | उत्पादन | उत्पादकत्व | क्षेत्रफल | उत्पादन | उत्पादकत्व |
| धान | १४६९५४५ | ५१५१९२५ | ३५. | १४९१७४४ | ५६१००११ | ३७६. |
| गहुँ | ७०६८४३ | १९४९००१ | २७५. | ७०३९९२ | २००५६६५ | २८४. |
| मकै | ९५४१५८ | २५५५८४७ | २६७. | ९५६४४७ | २७१३६३५ | २८३. |
| **आलु** | **१९५१७३** | **२८८१८२९** | **१४७६.** | **१९३९९७** | **३१२९९४७** | **१६१३.** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कोदो | २६३४९७ | ३१३९८७ | ११९. | २६३२६१ | ३१४२२५ | ११९. |
| जौं | २४६४८ | ३०५१० | १२३. | २४४०९ | ३०५५० | १२५. |
| फापर | १०२९६ | ११४७२ | १११. | १०३११ | ११४६४ | १११. |

विगतका वर्षहरुसँग तुलना गर्दा नेपालमा आलुको उत्पादन बढ्दै गएको देखिन्छ । १६ औं शताब्दीको अन्त्यतिर नेपाल भित्रिएको आलु त्यसको डेढ-दुई सय वर्षसम्म पनि पछ्यौटे बालीको रुपमा रहेको थियो । सन् १९७० को दशकमा नेपालमा आलु बाली विकास कार्यक्रमको स्थापना भएपश्चात आलुको क्षेत्र विस्तार, गुणस्तरीय बीउको प्रवर्द्धन र खेती प्रविधिको आधुनिकीकरणले गर्दा नेपालमा आलुको उत्पादन बढ्दै गएको देखिन्छ । सन् १९७५ मा केवल ३ लाख मेट्रिक टन रहेको आलुको उत्पादन बढेर सन् २००० मा ११ लाख पुगेको देखिन्छ भने सन् २०१८ सम्म पुग्दा यसको उत्पादन ३० लाख मेट्रिक टन पुगिसकेको छ । आलुको उत्पादन बढे पनि नेपाली बजारका लागि यो उत्पादन पर्याप्त छैन । नेपालमा भारत, बङ्गलादेश, चीन आदि देशबाट आलु आयात हुँदै आएको छ ।

चित्र: नेपालमा आलुको उत्पादन







### ५.३.५ नेपालमा खेती हुने आलुका जातहरु

नेपालमा लामो समयदेखि खेती गरिँदै आएका स्थानीय जातहरुसँगै कृषि अनुसन्धान परिषद् (नार्क) ले सिफारिस गरेका विभिन्न आलुका जातहरुको खेती गरिँदै आएको छ ।हालसम्म नार्कले ११ जातका आलुहरु उन्मोचित गरी तिनीहरुको उपयुक्तताका आधारमा विभिन्न भौगोलिक क्षेत्रका लागि सिफारिस गरेको छ ।

तालिकाः नार्कले सिफारिस गरेका आलुका जातहरु

| क्र स | बालीकोजात | सिफारिसवर्ष (विसं) | पाक्नेदिन | उत्पादनक्षमता टन/हे | सिफारिसक्षेत्र |
|---|---|---|---|---|---|
| १ | कुफ्रीज्योति | २०४९ | ११० | २३ | पहाडमावर्षेबालीकोलागि माघ,, फागुनरचैत, हिउँदेबालीकोलागि असोजरकार्तिकमातथाकम वर्षा हुनेपश्चिमकाउच्च पहाडकालागि असाररसाउन |
| २ | कुफ्रीसिन्दूरी | २०४९ | ११०-१२० | २३ | तराईमाहिउँदेबालीकोरूपमा, असोजदेखि मंसिर सम्मतल्लो पहाडी भेगमाकार्तिकदेखिपुससम्म |
| ३ | डेजिरे | २०४९ | ९०-१२० | १८ | तराईमाहिउँदेबालीकोरूपमाअसोजरकार्तिक, मध्यपहाडरतल्लोपहाडमाभदौ रअसोजतथामध्य पहाडदेखि उच्च पहाडमावर्षेबालीकोरूपमामाघरफागुन |
| ४ | जनकदेव | २०५६ | ११० | ३९.४ | मध्यतथाउच्चपहाडमागृष्म ऋतु, उपत्यकातथातराईमाशरदऋतुरकमपानीपर्नेउच्च पहाडमा वर्षा ऋतु |
| ५ | खुमलसेतो१ | २०५६ | ११० | ३८.७ | मध्यतथाउच्चपहाडी क्षेत्रमागृष्म ऋतु, कमपानी पर्नेउच्च पहाडी क्षेत्रमारमध्यपहाडीक्षेत्रमाशरदऋतु |
| ६ | खुमलरातो२ | २०५६ | ९५ | ३६.२ | तराई, भित्रीमधेशतथाखोंचहरुमाशरदऋतु |
| ७ | खुमललक्ष्मी | २०६५ | १२०-१४० | २४-२८ | मध्यतथाउच्चपहाडीभेग- वर्षे बाली सुक्खाउच्चपहाडीभेग-मनसुनबाली तराईतथाभित्रीमधेश-शरदतथा हिउँदेबाली |
| ८ | आईपीवाई८ | २०७१ | ११०-१२० | २५-२७ | तराईतथाभित्रीमधेश |
| ९ | खुमलउज्ज्वल | २०७१ | १००-१२० | २५ | मध्यपहाडदेखिउच्चपहाडीक्षेत्र |
| १० | खुमलउपहार | २०७१ | १००-१२० | २४ | तराईरमध्यपहाडको१२०० मिटरउचाइसम्म। |
| ११ | खुमल विकास | २०७५ | १००-११० | २५.७५ | मध्य पहाड देखि उच्च पहाडी क्षेत्र -१२०० मिटर देखि ३००० मिटर सम्म |

### ५.३.६ बझाङ जिल्लामा आलु उत्पादन

बझाङ जिल्ला नेपालमा आलु उत्पादन हुँदै आएको जिल्ला मध्ये एक प्रमुख जिल्ला हो । जिल्लाको भूगोल र मौसम अनुसार यहाँ वर्खा र हिंउद दुवै सिजनमा आलु खेती गरिन्छ । जिल्लाको लेकाली भेगमा लेकाली भेगमा वर्खे आलुको खेती (माघ/फागुन-भदौ/असोज) गरिन्छ भने वेंसी क्षेत्रमा हिउँदे आलुको खेती

(कार्तिक/मंसिर-जेठ/असार) गरिन्छ । भूगोल र मौसम अनुसार आलुको खेती गरिने क्षेत्रहरुको विस्तृत विवरण यहाँ प्रस्तुत गरिएको छ ।

## ५.४अध्ययनको विधि

यस अध्ययनका लागि परियोजना लागु भएका क्षेत्रहरु र क्षेत्र विस्तारको सम्भावना भएका स्थानहरुमा नमुना घरधुरी सर्वेक्षण गरिएको थियो ।कुल ३२० घरधुरीमा सर्वेक्षण गरिएकोमा १०० ओटा नमुना खप्तड छान्ना गाउँपालिकाबाट, ९० ओटा सुर्मा गाउँपालिकाबाट, ७० ओटा तलकोट र मष्टा गाउँपालिकाबाट र ६० ओटा नमुना जयपृथ्वी नगरपालिका र त्यससँग जोडिएका नजिकका क्षेत्र ( मालुमेला, परिङ्गाल, झोता, रायल) बाट लगिएका छन् ।घरधुरी सर्वेक्षणका लागि सर्वप्रथम परियोजना कार्यन्वयन ईकाइ र सरोकारवालाहरु बीच छलफल गरी प्रश्नावली निर्माण गरिएको थियो ।यसरी तयार भएको प्रश्नावलीलाई पूर्व सर्वेक्षणको लागि प्रयोग गरी त्यसबाट आएको विवरणका आधारमा आवश्यक संसोधन गरी अन्तिम रुप दिइएको थियो । प्रश्नावलीको माध्यमबाट गरिएको सर्वेक्षण बाहेक समुहगत छलफल र सरोकारवाला व्यक्तिहरुको अन्तरवार्ता मार्फत आएको विवरणलाई यस अध्ययनमा समावेश गरिएको छ ।यसैगरी जिल्लामा कृषिसँग सम्वन्धित विभिन्न कार्यालयबाट प्राप्त विवरणलाई पनि जानकारीको श्रोत मानिएको छ ।

## ५.६ डाटा प्रविष्टी र विश्लेषणको तरिका

घरधुरी सर्वेक्षण र अन्य तरिकाबाट संकलन गरिएको डाटालाई एसपी.एस.एस. सफ्टवेयर प्रयोग गरी कम्प्युटरमा प्रविष्टी गरिएको थियो । यसरी प्रविष्टी गरिएको डाटालाई एक्सेल र एसपी.एस.एस. प्रयोग गरी विश्लेषण गरिएको थियो । विश्लेषणबाट प्राप्त जानकारी नतिजा तथा विश्लेषण खण्डमा समावेश गरिएको छ ।

## **५.७अध्ययनको नतिजा र विश्लेषण**

### ५.७.१ जोन क्षेत्रको जनसांख्यिय विवरण

कुल ३२० घरधुरीमा गरिएको यस सर्वेक्षणमा २४१ जना(७५ % ) पुरुषर ७९ जना (२५% ) महिला सहभागी भएका थिए । सहभागीहरुको औसत उमेर ४२ वर्ष थियो जसमा १६ देखि ८३ वर्ष उमेरका व्यक्ति सहभागी भएका थिए ।सहभागीहरुले औसतमा ६ कक्षासम्म अध्ययन गरेको पाइयो ।

सर्वेक्षण अनुसार ८५ प्रतिशत घरमा घरमुली पुरुष रहेको पाइयो भने १५ प्रतिशत घरमा मात्रै घरमुली महिला रहेको पाइयो ।यसैगरी घरमुलीको औसत उमेर ४९ वर्ष पाइयो भने घरमुलीले औसतमा ५ कक्षा सम्म अध्ययन गरेको पाइयो ।

क्षेत्रगत आधारमा घरमुलीको विवरण निम्न तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

तालिका: क्षेत्रगत आधारमा घरमुलीको लिङ्ग

| घरमुलीको लिङ्ग | जयपृथ्वी | खप्तड छान्ना | सूर्मा | तलकोटमष्टा- | जम्मा |
|---|---|---|---|---|---|
| महिला | ८ (१३) | 18 (18) | 11 (12) | 10 (15) | 47(15) |
| पुरुष | 52 (८७) | 82 (82) | 79 (88) | 60 (85) | 273 (85) |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | 60(१००) | 100(१००) | 90(१००) | 70(१००) | 320(१००) |

नोट: कोष्ठमा रहेको अङ्कले प्रतिशत जनाउँछ ।

तालिका: क्षेत्रगत आधारमा घरमुलीको उमेर र शैक्षिक अवस्था

| घरमुलीको विवरण | जयपृथ्वी | खप्तड छान्ना | सूर्मा | तलकोटमष्टा- | कुल |
|---|---|---|---|---|---|
| उमेर (वर्ष) | 50 | 48 | 47 | 51 | 49 |
| शैक्षिक अवस्था (कक्षा) | 6 | 6 | 3 | 6 | 5 |

### ५.७.२ परिवारको आकार

यो सर्वेक्षण गरिएको क्षेत्रमा परिवारका सदस्यको कुल संख्या २७२२ मध्ये ५०.७ प्रतिशत महिला र ४९.३ प्रतिशत पुरुष रहेको पाइयो । यसैगरी परिवारको औसत आकार ७.७९ रहेको पाइयो जसमा पुरुषको औसत संख्या ३.८२ र महिलाको औसत संख्या ३.९७रहेको पाइयो ।

चित्र: जोन क्षेत्रमा महिला र पुरुषको जनसंख्या




परिवारको औसत आकार सूर्मामा सबैभन्दा धेरै ८.२ र जयपृथ्वीमा सबैभन्दा कम ७.५८ रहेको पाइयो ।

तालिका: जोन क्षेत्रमा परिवारको आकार

| | जयपृथ्वी | खप्तड छान्ना | सूर्मा | तलकोटमष्टा- |
|---|---|---|---|---|
| महिला | 3.9 | 4.05 | 4.0 | 3.86 |
| पुरुष | 3.67 | 3.62 | 4.2 | 3.77 |

| | | | | |
|---|---|---|---|---|
| परिवार | 7.58 | 7.67 | 8.2 | 7.64 |

### ५.७.३ जोन क्षेत्रको शैक्षिक स्थिति

यस सर्वेक्षण अनुसार जोन क्षेत्रको साक्षरता दर ८३ प्रतिशत रहेको पाइयो जसमध्ये २१ प्रतिशत साक्षर मात्र, ३५ प्रतिशत आधारभूत शिक्षा प्राप्त, १५ प्रतिशत माध्यमिक शिक्षा प्राप्त र १२ प्रतिशत उच्च शिक्षा प्राप्त थिए भने १७ प्रतिशत मानिस भने निरक्षर रहेको पाइयो ।

चित्र: जोन क्षेत्रको शैक्षिक अवस्था




### ५.७.४ जोन क्षेत्रको आर्थिक विवरण

**जोन क्षेत्रका कृषक परिवारको वार्षिक आम्दानी**

जोन क्षेत्रका कृषकहरुको वार्षिक आम्दानी करिब दुई लाख पचास हजार जति रहेको देखियो । कृषि र पशुपालनबाट क्रमशः ६५ हजार र ४७ हजार वार्षिक आम्दानी हुने रहेछ । सर्वेक्षण गरिएका घरधुरी मध्ये कृषि र पशुपालनमा शत प्रतिशत घरधुरी संलग्न देखिए भने त्यसपछि ज्याला र व्यवसायमा बढी संलग्न देखिए ।

तालिका: जोन क्षेत्रको वार्षिक आम्दानी

| आम्दानीको श्रोत | औसत वार्षिक आम्दानी (ने.रु.) | पेशामा संलग्न प्रतिशत |
|---|---|---|
| कृषि | 65,512 | 100 |
| पशुपालन | 47,203 | 100 |
| व्यवसाय | 1,54,359 | 27.8 |
| सरकारी जागिर | 2,62,516 | 19.4 |

| | | |
|---|---|---|
| गैरसरकारी जागिर | 1,48,076 | 4.1 |
| ज्याला | 34,571 | 50.3 |
| वैदेशिक रोजगार | 1,37,727 | 13.8 |
| कुल | 2,48,456 | |

यसैगरीवैदेशिकरोजगारमा१३.८प्रतिशतघरधुरीकामान्छेसंलग्नदेखिए।वैदेशिकरोजगारीमाआश्रित१३.८ प्रतिशतमध्ये१२.५ प्रतिशतभारतमारहेकोपाइयोभने१.३ प्रतिशतखाडीमुलुकमारहेकोपाइयो।वैदेशिकरोजगारीमासंलग्नघरधुरीमध्येएउटाघरधुरीबाटऔसतमा१.२७ जनावैदेशिकरोजगारीमागएकोदेखियो।

यसैगरीवैदेशिकरोजगारमा१३.८प्रतिशतघरधुरीकामान्छेसंलग्नदेखिए।वैदेशिकरोजगारीमाआश्रित१३.८प्रतिशतमध्ये १२.५प्रतिशतभारतमारहेकोपाइयोभने१.३प्रतिशतखाडीमुलुकमारहेकोपाइयो।वैदेशिकरोजगारीमासंलग्नघरधुरीमध्ये एउटाघरधुरीबाटऔसतमा१.२७जनावैदेशिकरोजगारीमागएकोदेखियो।

### ५.७.५ जोन क्षेत्रमा पूर्वाधारको विवरण

**सडकको अवस्था**

सर्वेक्षण गरिएको सबै स्थानमा सडकको पहुँच रहेको पाइयो तर अधिकांस ( ९८ %) ठाउँमाभखरै ट्र्याक खुलेका मौसमी सडकहरु भएका कारण वर्षाको समय र प्रतिकुल मौसममा सडक अवरुद्ध रहने कुरा सहभागीले बताए ।

सडकबाट आलु खेती गर्ने ठाउँको औसत दुरी २ कि.मी रहेको पाइयो भने घरदेखि स्थानीय बजार सम्मको औसत दुरी करिब ९ किमी रहेको पाइयो ।

क्षेत्रगत आधारमा हेर्दा सडक देखि आलु खेती गर्ने ठाउँसम्मको दुरी सबैभन्दा कम (०.७ किमी) सुर्मामा र सबैभन्दा बढी (३.४१ किमी) खप्तड छान्नामा रहेको पाइयो । यसको कारण छान्ना क्षेत्रमा घरबाट टाढा लेकमा आलु खेती गर्ने तर सुर्मा आफैमा लेकाली भेग भएकाले घर र आलु खेत एकै ठाउँमा रहेकोले हुनसक्छ । तर यसको विपरीत घरदेखि बजारसम्मको दुरी छान्नामा सबैभन्दा कम ३.५ किमी र सुर्मामा १४ किमी रहेको पाइयो । सुर्मामा सहभागीहरुले जिल्ला सदरमुकामलाई आफ्नो मुख्य बजार भएको बताए भने छान्ना क्षेत्रमा गाउँपालिका भित्रका स-साना बजार केन्द्रहरुलाई पनि आलु बिक्री हुने बजारको रुपमा हेरेको पाइयो ।

तालिका: सडक देखि खेत र बजारको दुरी

| | जयपृथ्वी | खप्तड छान्ना | सूर्मा | तलकोटमष्टा- | कुल |
|---|---|---|---|---|---|
| सडक देखी आलु खेत सम्मको दुरी (किमी) | 2.07 | 2.43 | 0.77 | 1.78 | 1.76 |
| सडक देखी बजार | 8.6 | 3.41 | 14.23 | 9.17 | 8.68 |

| | | | | | |
|---|---|---|---|---|---|
| सम्मको दुरी (किमी) | | | | | |

**विद्युत तथा सञ्चारको सुविधा**

यस सर्वेक्षण अनुसार ६८ प्रतिशत घरधुरीमा विद्युत सेवा उपलब्ध रहेको पाइयो भने ३२ प्रतिशत घरधुरी सो सेवाबाट वञ्चित रहेको पाइयो । जयपृथ्वी नगरपालिकामा सबैभन्दा धेरै (६६ प्रतिशत) घरधुरीमा विद्युत नभएको पाइयो भने विद्युत नहुने घरधुरी सबैभन्दा कम (१५%) खप्तड छान्नामा रहेको पाइयो ।जयपृथ्वी नगरपालिका भित्रको जोन क्षेत्र वडा न १ र ११ दुवै ठाउँमा विद्युत सुविधा नपुगेका कारण नगर क्षेत्रमा विद्युत सेवा नभएकाको संख्या धेरै देखिएको हुनसक्छ ।

चित्र: जोन क्षेत्रमा विद्युतको अवस्था




सर्वेक्षणमा सहभागी सबैको सूचनाको प्रमुख श्रोत रेडियो रहेको पाइयो। जोन क्षेत्रमा सुनिने प्रमुख एफएम् रेडियोहरुमा साइपाल एफएम्, सेती एफएम्, रेडियो जनमुखी, बझाङ एफएम् र खप्तड एफएम् रहेका छन् ।

सर्वेक्षणमा सहभागी ९२ प्रतिशतले मोबाइल फोन प्रयोग गरेको पाइयो जसमध्ये अधिकांसले (९९.६६ प्रतिशत ) नेपाल टेलिकम (नमस्ते) को मोबाइल सेवा प्रयोग गरेको पाइयो ।

मोबाइल प्रयोग नगर्नें कसैले पनि इन्टरनेट प्रयोग गर्दैनन् भने मोबाइल प्रयोग गर्ने मध्ये २७ प्रतिशतले इन्टरनेट प्रयोग गर्ने रहेछन् । इन्टरनेटको शतप्रतिशत स्रोत मोबाइल डाटा रहेको पाइयो ।

चित्र: जोन क्षेत्रमा मोबाइल तथा इन्टरनेटको प्रयोग




### ५.७.६ जग्गा सम्बन्धी विवरण

यस सर्वेक्षण अनुसार खेत र पाखोबारी मध्ये ४९ प्रतिशत घरधुरीसँग खेत रहेको र ५१ प्रतिशत घरधुरीसँग खेत नहरेको पाइयो । यसैगरी २ प्रतिशत घरधुरीसँग खेत मात्रै रहेको तर पाखो बारी नरहेको पाइयो भने ९८ प्रतिशत घरधुरीसँग पाखो बारी रहेको पाइयो ।

क्षेत्रगत आधारमा हेर्दा सबैभन्दा धेरै खसड छान्नामा ९० प्रतिशत घरधुरीसँग खेत रहेको पाइयो भने सबैभन्दा कम सुर्मामा १२ प्रतिशतसँग मात्रै खेत रहेको पाइयो । यसैगरी जयपृथ्वी नगरपालिका क्षेत्रमा ६७ प्रतिशत र तलकोट मष्टा क्षेत्रमा २३ प्रतिशतसँग खेत रहेको पाइयो ।

जोन क्षेत्रभरी औसतमा एउटा घरधुरीसँग ९.७३ रोपनी जग्गा रहेको पाइयो जुन सबैभन्दा धेरै खसड छान्नामा ११.८३ रोपनी र सुर्मामा सबैभन्दा कम ८.१७ रोपनी रहेको पाइयो ।

यसैगरी एउटा घरधुरीसँग औसतमा ७.४ रोपनी पाखोबारी र ४.६ रोपनी खेत रहेको पाइयो । पाखोबारीको सन्दर्भमा सबैभन्दा बढी जयपृथ्वी नगरपालिका क्षेत्रमा ८ रोपनी र सबैभन्दा कम सुर्मामा ६.८७ रोपनी रहेको पाइयो । खेतको सन्दर्भमा सबैभन्दा बढी खसड छान्नामा ४.९६ रोपनी र सबैभन्दा कम जयपृथ्वी क्षेत्रमा ३.७ रोपनी रहेको पाइयो ।

तालिका: क्षेत्रगत आधारमा जग्गाको स्वामित्व

| | जयपृथ्वी | खसड छान्ना | सूर्मा | तलकोटमष्टा- | कुल |
|---|---|---|---|---|---|
| खेत (रोपनी) | 3.7 | 4.96 | 4.6 | 4.85 | 4.6 |
| पाखो (रोपनी) | 8.00 | 7.88 | 6.87 | 6.9 | 7.4 |
| कुल जग्गा (रोपनी) | 10.74 | 11.83 | 8.17 | 8.38 | **9.73** |

### ५.७.७ सिँचाइको सुविधा

जोन क्षेत्रमा औसतमा ४.६ रोपनी क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध रहेको पाइयो भने ७.४ रोपनीमा सिँचाइ नरहेको पाइयो । सहभागी घरधुरीमध्ये ५४ प्रतिशतले आफ्नो जग्गामा कत्ति पनि सिँचाइ सुविधा नरहेको बताए भने ४५ प्रतिशतले आंशिक रुपमा सिँचाइ सुविधा भएको बताए । यसैगरी १ प्रतिशतले भने आफ्नो पुरै जग्गामा सिँचाइ सुविधा रहेको बताए ।जोन क्षेत्रमा सिँचाइको स्रोत खोला रहेको पाइयो भने सिँचाइको पूर्वाधार कुलो रहेको पाइयो ।

तालिका: सिँचाइ र सिँचाइको स्रोत

| सिँचाइ ➡ | छ (प्रतिशत) | छैन प्रतिशत) |
|---|---|---|
| सिँचाइको स्रोत ⬇ | | |
| कच्ची कुलो | २१ | |
| पक्की कुलो | २५ | |
| | ४६ | ५४ |

## ५.८ बाली, उत्पादन तथा पशुपालन सम्बन्धी विवरण

### ५.८.१जोन क्षेत्रमा खेती गरिने बालीको जानकारी

जोन क्षेत्रमा खेती गरिने मुख्य खाद्यबालीहरुमा धान, गहुँ, आलु, मकै, कोदो, जौं, मार्स्या आदि रहेछन् ।यसबाहेक दलहन बाली जस्तै भटमास, गहत, कालो मास, सिमी र केही मात्रामा तरकारी खेती पनि गरेको देखियो ।

सर्वेक्षण सहभागीहरुलाई तपाईंले खेती गर्ने क्षेत्रफलका आधारमा पहिलो प्राथमिकताको बाली कुन हो भनी सोध्दा ३८ प्रतिशतले धान, ३० प्रतिशतले गहुँ, २६ प्रतिशतले आलु र ६ प्रतिशतले अन्य बाली भएको बताए ।

चित्र: क्षेत्रफलका आधारमा खेती गरिने प्राथमिक बाली




क्षेत्रगत आधारमा विश्लेषण गर्दा सबैभन्दा धेरै सुर्मा र तलकोट मष्टामा ३० प्रतिशतले र सबैभन्दा कम छान्नामा २२ प्रतिशतले आलु आफ्नो प्राथमिक बाली भएको बताए । यसैगरी जयपृथ्वीमा २३ प्रतिशतले आलु आफ्नो प्राथमिक बाली भएको बताए ।

छान्नामा र जयपृथ्वीमा धेरैले क्रमशः (६८ प्रतिशत र ४३ प्रतिशतले) धानलाई आफ्नो प्राथमिक बाली भएको बताए ।सुर्मा र तलकोट मष्टामा धेरैले (क्रमशः ५१ र ३० प्रतिशतले) गहुँ आफ्नो प्राथमिक बाली भएको बताए ।

सर्वेक्षण गरिएको ४० प्रतिशत क्षेत्रमा धान हुने भएकाले धानलाई प्राथमिक बाली बताउनेको संख्या धेरै देखिएको हुन सक्छ । धान हुने क्षेत्रमा धान प्राथमिक बाली भएता पनि जिल्लाको सबै क्षेत्रतिर धान नहुने तर गहुँ र आलु सबैतिर हुने हुँदा समग्र रुपमा जोन क्षेत्रभरी खेती गरिएको क्षेत्रफलको आधारमा क्रमशः गहुँ पहिलो, आलु दोस्रो र धान तेस्रो बालीको रुपमा देखिए भने कुल उत्पादन र उत्पादकत्वका आधारमा आलु पहिलो बालीको रुपमा देखियो ।

यस सर्वेक्षण अनुसार ४७.४५ हेक्टरमा आलु खेती गरिएको पाइयो भने कुल उत्पादन ५५२.२३ टन र उत्पादकत्व ११.०६ टन/हेक्टर रहेको देखियो । अन्य बालीसँग तुलना गर्दा आलुको उत्पादन ३ गुणा बढी देखियो तर नेपालको औसत आलु उत्पादकत्व (१६.१३ टन/हेक्टर) सँग तुलना गर्दा बझाङ जिल्लाको उत्पादकत्व (११.०६ टन/हेक्टर) राष्ट्रिय औसतभन्दा कम रहेको देखियो ।

तालिकाः जोन क्षेत्रमा खेती गरिने बालीहरुको विवरण

| बाली | खेती गरिएको क्षेत्रफल (हेक्टर) | उत्पादन (टन) | उत्पादकत्व (टन हेक्टर/) |
|---|---|---|---|
| धान | 41.49 | 139.2 | 3.34 |
| गहुँ | 61.37 | 129.68 | 2.11 |
| **आलु** | **47.45** | **525.23** | **11.06** |
| जौं | 18.13 | 46.09 | 2.54 |
| कोदो | 19.2 | 47.11 | 2.45 |

जोन क्षेत्र भरिमा एउटा घरधुरीले औसतमा २.७८ रोपनीमा आलुखेती गरेको पाइयो जसमा सबैभन्दा कम ०.५ रोपनी र सबैभन्दा धेरै २० रोपनीमा आलुखेती गरेको पाइयो । औसतमा सबैभन्दा धेरै छान्नामा ३.५२ रोपनी र सबैभन्दा कम सुर्मामा २.३१ रोपनीमा आलुखेती गरेको पाइयो । तालिका : क्षेत्रगत आधारमा औसतमा आलु खेती गरिएको क्षेत्रफल

| | जयपृथ्वी | खप्तड छान्ना | सूर्मा | तलकोटमष्टा- | कुल |
|---|---|---|---|---|---|
| औसतमा आलु खेती गरिएको क्षेत्रफल | रोपनी 2.72 (हे 0.13) | रोपनी 3.52 (हे 0.16) | रोपनी 2.31 (हे 0.11) | रोपनी 2.4 (हे 0.12) | रोपनी 2.78 ( हे 0.13) |

### ५.८.२ जोन क्षेत्रमा अपनाइने बाली चक्र

जोन क्षेत्रभित्र विभिन्न किसिमका बालीहरुको खेती गरिने भएकाले विभिन्न किसिमका बाली चक्र अपनाउने गरिएको देखियो जस्तै धान-गहुँ/जौं, कोदो/मकै- गहुँ/जौं, धान-आलु, आलु-गहुँ/जौं आदि तर यस अध्ययनमा आलुसँग अपनाइने बाली चक्रको मात्र विस्तारमा चर्चा गरिएको छ । हिँउदमा आलु लगाउने कृषकहरुले धान काटेपछि आलु लाउने गरेको देखियो भने वर्खे आलुको सम्बन्धमा आलु खनिसकेपछि गहुँ/जौं लगाउने अथवा बाँझो राख्ने गरेको देखियो । दुवै सिजनमा आलु लगाउने किसानहरुले यी दुवै किसिमका बाली चक्र अपनाउने गरेको देखियो ।समग्रमा हेर्दा सबैभन्दा धेरै आलु-गहुँ/जौं बाली चक्र प्रचलनमा रहेको देखियो । जोन क्षेत्रभरी ७६ प्रतिशतले आलु-गहुँ/जौं बाली चक्र अपनाएको देखियो । यसैगरी धान-आलु १० प्रतिशतले र आलु-बाँझो-आलु १४ प्रतिशतले अपनाएको देखियो ।

चित्र : जोन क्षेत्रमा अपनाइने बाली चक्र




बाली चक्र अपनाउने तरिका र भौगोलिक क्षेत्रबीच सम्बन्ध रहेको देखियो । यसरी हेर्दा हेर्दा आलु-गहुँ/जौं बाली चक्र सबैभन्दा धेरै सुर्मामा (९४%) प्रचलित रहेको देखियो ।त्यसपछि क्रमशः जयपृथ्वीमा (९२%), तलकोटमा (६१%) र छान्नामा (६०%) प्रचलनमा रहेको देखियो ।यसैगरी धान-आलु बाली चक्र सबैभन्दा धेरै छान्नामा २५ प्रतिशत र तलकोट मष्टामा सबैभन्दा कम २ प्रतिशतले अपनाएको देखियो । आलु-बाँझो-आलु बाली चक्र सुर्मामा अपनाएको देखिएन भने छान्नामा १५ प्रतिशतले अपनाएको देखियो ।

तालिका : क्षेत्रगत आधारमा अपनाइने बाली चक्र

| बाली चक्र ⬇ | क्षेत्र ➡ | जयपृथ्वी | खसड छान्ना | सूर्मा | तलकोटमष्टा- |
|---|---|---|---|---|---|
| आलुजौं/गहुँ- | | ९१.७% | 60.0 % | 94.4 % | 61.4 % |
| धानआलु- | | 3.3 % | 25.0 % | 5.6 % | 1.4 % |
| आलु बाँझो- | | 5.0 % | 15.0 % | 0 % | 37.1 % |
| जम्मा | | १०० %<br>N= ६० | १०० %<br>N= १०० | १००<br>N= ९० | १०० %<br>N= ७० |
| $\chi^2$ = 86.07p-value < 0.01 | | | | | |

## ५.८.३ आफ्नै उत्पादनले खान पुग्ने समय

जोन क्षेत्रमा आफ्नै उत्पादनले औसतमा ७ महिना खान पुग्ने देखियो । भौगोलिक क्षेत्र अनुसार आफ्नै उत्पादनले खान पुग्ने समयमा तात्विक भिन्नता देखियो । खप्तड छान्नामा आफ्नै उत्पादनले ८ महिना खान पुग्ने देखियो भने सुर्मामा ५ महिना मात्र खान पुग्ने देखियो । चित्र: आफ्नै उत्पादनले खान पुग्ने महिना




F-value: 18.48 P-value<0.01

जोन

## ५ ४.८.क्षेत्रमा पशुपालनको अवस्था

जोन क्षेत्रमा गाई-गोरु, भैंसी, बाख्रा र कुखुरा पालन गर्ने गरेको देखियो । गाई-गोरु ८५ प्रतिशत भन्दा बढीले पालन गर्दा रहेछन् भने भैंसी र बाख्रा करिब ४० प्रतिशत र कुखुरा ८ प्रतिशतले मात्र पालन गर्ने रहेछन् । गाई-गोरु भैंसीको औसत संख्या २ रहेछ भने कुखुरा र बाख्राको क्रमशः १६ र१७ रहेछ ।

तालिका: जोन क्षेत्रमा पशुपालनको अवस्था

| पशु | औसत संख्या | पालन गर्नेको प्रतिशत |
|---|---|---|
| गाई | 2.28 | 94.68 |
| गोरु | 2.40 | 85.62 |
| भैंसी | 2.51 | 39.06 |
| बाख्रा | 17.18 | 40.93 |
| कुखुरा | 16.5 | 8.12 |

## ५.९ आलु उत्पादन सम्बन्धी विवरण

### ५.९.१ आलुको बीउ सम्बन्धी जानकारी

जोन क्षेत्रभरी ९० प्रतिशत बीउको श्रोत आफ्नै उत्पादन रहेको देखियो । त्यसैगरी १० प्रतिशतले स्थानीय स्तरमा खरिद गर्ने गरेको बताए ।

अधिकांशले पुस्तौंपुस्तादेखि खेती गर्रिंदै आएको आलु नै वीउको रुपमा प्रयोग गरेको देखियो । कोही कोहीले सरकारी संस्थाबाट वितरित आलुको बीउ प्रयोग गरेको देखियो तर त्यस्तो बीउ प्रयोग गर्नेको संख्या पनि उल्लेखनिए देखिएन र प्रयोग गर्नेले पनि परीक्षणको रुपमा गरेको देखियो ।

स्थानीय प्रकारमा रातो आलुभन्दा सेतो आलु प्रचलनमा रहेको देखियो ।

अत्यन्तै सानो दाना भएको खण्डमा बाहेक सबै सहभागी कृषकहरुले काटेर आले लगाउने गरेको बताए । मझौला दाना भए २ टुक्रा नत्र ४ टुक्रा सम्म बनाएर रोप्ने गरेको देखियो ।

### ५.९.२ आलु लगाउने सिजन

बझाङमा हिउँद र वर्खा गरी दुइ सिजनमा आलु लगाउने गरेको देखियो । आलु जोन स्थापना भएपछि शरदकालीन आलु लगाउने क्षेत्र पहिचान गरी शरद ऋतुमा पनि आलु लगाउने प्रयास थालिए पनि पहिलेदेखि यो चलन खासै थिएन । यस सर्वेक्षण अनुसार ६४ प्रतिशतले वर्खे आलु मात्र लगाउने गरेको देखियो । त्यसैगरी १६ प्रतिशतले हिँउदे आलु मात्र लगाउँदा रहेछन् भने २० प्रतिशतले दुवै सिजनमा आलु खेती गर्ने गरेको पाइयो ।

चित्र : आलु लगाउने सिजन




तथ्याङ्कीय हिसाबमा आलु लगाउने सिजन र भौगोलिक क्षेत्रबीच सम्बन्ध रहेको देखियो ।

वर्खे आलु लगाउने ६४ प्रतिशत मध्ये सबैभन्दा धेरै २५ प्रतिशत कृषक सुर्मा गाउँपालिकाका रहेछन् । यसैगरी हिँउदे आलु लगाउने १६ प्रतिशतमध्ये सबैभन्दा ९ प्रतिशत किसान छान्ना गाउँपालिकाका रहेछन् भने दुवै सिजनमा आलु लगाउने २० प्रतिशत किसान मध्ये सबैभन्दा धेरै ८ प्रतिशत किसान छान्नामा नै रहेछन् ।

वर्खे आलु मात्र सबैभन्दा धेरै क्रमशः सुर्मामा, तलकोट-मष्टामा, जयपृथ्वीमा र छान्नामा लगाउने रहेछन् । यसैगरी हिँउदे आलु मात्र धेरै क्रमशः छान्ना, जयपृथ्वी, सुर्मा र तलकोट-मष्टामा लगाउने रहेछन् । दुवै सिजनमा आलु लगाउने सन्दर्भमा क्रमशः तलकोट-मष्टा, जयपृथ्वी, छान्ना, र सुर्मा अगाडि रहेछन् ।

तालिका : क्षेत्रगत आधारमा आलु लगाउने सिजन

| बालीको सिजन ⬇ | क्षेत्र ➡ | जयपृथ्वी | खसड छान्ना | सूर्मा | तलकोटमष्टा- |
|---|---|---|---|---|---|
| वर्खे आलु मात्र | | 51.7% | ४ 7.0% | 90.0 % | 65.7 % |
| हिँउदे आलु मात्र | | 23.3 % | 28.0 % | 7.8 % | 2.9 % |
| दुवै सिजन | | 25.0 % | 25.0 % | 2.2 % | 31.4 % |
| जम्मा | | १०० %<br>N= ६० | १०० %<br>N= १०० | १००%<br>N= ९० | १०० %<br>N= ७० |
| $\chi^2$ = 46.55p-value < 0.01 | | | | | |

### ५.९.३ हिँउदे र वर्खे आलु अनुसार जग्गा तयारी, आलु रोप्ने देखि आलु खन्ने काम गरिने महिनाहरु

**वर्खे आलुका सम्बन्धमा**

सर्वेक्षणमा सहभागी ३२० मध्ये २६९ अर्थात ८४.१ प्रतिशतले वर्खे आलु लगाउने गरेको देखियो ।

**जग्गाको तयारी**

वर्खे आलुको लागि माघ देखि चैत्रसम्म जग्गा तयारी गरिने रहेछ । सर्वेक्षण अनुसार माघको दोस्रो हप्ता देखि फागुनको पहिलो हप्तासम्म ४९ प्रतिशतले जग्गा तयारी गर्ने रहेछन् भने फागुनको दोस्रो हप्तादेखि चैत्रको पहिलो हप्तासम्म ५१ प्रतिशतले जग्गा तयारी गर्ने रहेछन् ।

सुर्मा क्षेत्रमा धेरै जसो माघ फागुनमा (६६%) जग्गाको तयारी हुने रहेछ भने अन्य क्षेत्रमा फागुन चैतमा धेरै हुने रहेछ । तालिका: वर्खे आलुको लागि जग्गाको तयारी

| जग्गाको तयारी | प्रतिशत |
|---|---|
| माघफागुन- | ४९.४ |
| फागुनचैत- | 50.6 |

**आलु रोप्ने काम**

चारओटै क्षेत्रमा आलु रोप्ने काम बढी फागुनको मध्य देखि चैतसम्म हुने रहेछ ।

तालिका: वर्खे आलु रोप्ने समय

| आलु रोप्ने समय | प्रतिशत |
|---|---|
| माघ अन्तिम देखिफागुन- | 15.6 |
| फागुनको मध्यचैत- | 84.4 |

**आलुमा उकेरा लाउने काम**

उकेरा लाउने काम चैत अन्तिम देखि असारसम्म हुने गरेको देखियो तर सबै ठाउँमा धेरै जसो वैशाख मध्य देखि जेठ सम्म यो काम धेरै गरिने रहेछ ।

तालिका : वर्खे आलुमा उकेरा लाउने समय

| उकेरा लगाउने समय | प्रतिशत |
|---|---|
| चैत अन्तिम देखि वैशाख | 3.3 |
| वैशाखजेठ- | 91.1 |
| जेठ असारको मध्य सम्म- | 5.6 |

**आलु खन्ने काम**

कुनै पनि ठाउँमा बोट उखेल्ने काम गरेको पाइएन ।आलु खन्ने काम चाहिँ असार देखि सुरु भएर कार्तिक सम्म चल्ने रहेछ । आलु खन्ने काम आलुको रोपेको समय र भूगोल अनुसार पनि फरक फरक पर्ने भयो । यसैगरी कृषकहरुले बताए अनुसार एकैचोटि आलु खन्ने भन्दा पनि आलु खान योग्य भएदेखि अलिअलि खन्न सुरु गर्ने र अर्को बालीको लागि जग्गा तयारी गरुञ्जेलसम्म खन्ने काम जारी रहने रहेछ । धेरै जसो खन्ने काम चाहिँ भदौको सुरु देखि असोजको अन्तिमसम्म हुने रहेछ ।

तथ्याङ्कीय हिसाबमाआलु खन्ने समय र भौगोलिक क्षेत्रबीच सम्बन्धनभए पनि खसड छाल्नामा बढीजसो साउन-भदौमा र अन्य क्षेत्रमा बढी जसो भदौ-असोजमा आलु खन्ने गरेको देखियो ।

तालिका: वर्खे आलु खन्ने समय

| आलु खन्ने समय | प्रतिशत |
|---|---|
| असारसाउन- | 1.5 |
| साउनभदौ- | 21.6 |
| भदौअसोज- | 37.5 |
| असोजकार्तिक- | 39.4 |

**हिँउदे आलुका सम्बन्धमा**

कुल सहभागी मध्ये ११५ जना अर्थात ३६ प्रतिशत किसानले हिँउदे आलु लगाउने गरेको देखियो ।

**जग्गाको तयारी**

जग्गाको तयारी असोज-कार्तिक सम्म गरिने रहेछ तर धैरै जसो असोज अन्तिम देखि कार्तिक र कार्तिक मध्य देखि मंसिर पहिलो हप्तासम्म जग्गा तयारीको काम हुने रहेछ ।

तालिका: हिँउदे आलुको लागि जग्गाको तयारी

| जग्गाको तयारी | प्रतिशत |
|---|---|
| माघफागुन- | ४९4. |
| फागुनचैत- | 50.6 |

**आलु रोप्ने काम**

आलु रोप्ने काम कार्तिक मंसिर देखि माघ सम्म हुने रहेछ । तर धैरै जसो कार्तिक अन्तिम देखि मंसिरसम्म यो काम हुने रहेछ । तुलनात्मक रुपमा अन्य क्षेत्रमा यही समयमा र सुर्मामा बढी जसो माघ महिनामा आलु रोप्ने काम भएको देखियो ।

तालिका: हिँउदे आलु रोप्ने समय

| आलु रोप्ने समय | प्रतिशत |
|---|---|
| कार्तिकमंसिर- | 86.1 |
| पुस | 3.5 |
| माघ | 10.4 |

**उकेरा लगाउने काम**

उकेरा लगाउने काम माघ देखि चैत्रसम्म हुने रहेछ तर बढीजसो यो काम फागुन महिनामा हुने गरेको देखियो ।

तालिका : हिँउदे आलुमा उकेरा लाउने समय

| उकेरा लगाउने समय | प्रतिशत |
|---|---|
| माघ | 16.5 |
| फागुन | 56.5 |
| चैत | 27 |

**आलु खन्ने काम**

आलु खन्ने काम वैशाख देखि असार सम्म हुने रहेछ तर धैरै जसो यो काम जेठमा हुने गरेको देखियो ।

तालिका: हिँउदे आलु खन्ने समय

| आलु खन्ने समय | प्रतिशत |
|---|---|

| | |
|---|---|
| वैशाख | 9.6 |
| जेठ | 62.6 |
| असार | 27.8 |

### ५.९.४ जोन क्षेत्रमा आलु रोप्ने तरिका

बझाङ जिल्लामा आलु रोप्दा समथर बनाएर रोप्ने र चिरा पारेर पारेर रोप्ने गरी दुई ओटा तरिका अपनाइएको पाइयो । यी दुई तरिकामा समथर बनाएर रोप्ने तरिका बढी प्रचलनमा रहेको देखियो ।

काइस्क्वाएर टेस्ट लगाएर हेर्दा रोप्ने तरिकामा र भौगोलिक क्षेत्रमा सम्बन्ध रहेको पाइयो । अन्य क्षेत्रमा भन्दा छान्ना क्षेत्रमा चिरा पारेर रोप्ने तरिका बढी अपनाइएको देखियो ।

| आलु रोप्ने तरिका | तरिका अपनाउनेको प्रतिशत |
|---|---|
| समथर बनाएर | 21.3 |
| चिरा पारेर | 78.8 |

### ५.९.५ आलु खेतीमा मलखादको प्रयोग

आलु खेतमा सबैले गोठेमल प्रयोग गर्ने गरेको पाइयो । सहभागी मध्ये ९८ प्रतिशतले गोठेमल मात्रै प्रयोग गरेको पाइयो भने २ प्रतिशतले गोठेमलका अतिरिक्त रासायनिक मल पनि प्रयोग गर्ने गरेको पाइयो । गोठेमल आलु रोप्नुभन्दा अघि जग्गा तयारीको बेला प्रयोग गरेको पाइयो ।

### ५.९.६ गोठेमलको औसत प्रयोग

एक रोपनीमा औसतमा २४.५ डोका गोठेमल प्रयोग गरेको पाइयो । एक डोको बराबर अनुमानित ३० केजी मान्दा गोठेमलको औसत ७३५ केजी प्रति रोपनी अर्थात १४.४५ टन प्रति हेक्टर हुन आउँछ ।

### ५.९.७ आलुमा सिँचाइ

सर्वेक्षणमा सहभागी भएका मध्ये केवल १६ प्रतिशतले मात्र आलुमा सिँचाइ गर्ने गरेको बताए । काइस्क्वाएर टेस्ट लगाएर हेर्दा आलु लगाउने सिजन र सिँचाइ गर्ने नगर्ने कुरा एक अर्कासँग सम्बन्धित रहेको देखियो ।

हिँउदमा मात्र आलु लगाउने मध्ये करिब ६० प्रतिशतले सिँचाइ गर्ने गरेको देखियो भने वर्खामा मात्र आलु लगाउने केबल ४ प्रतिशतले मात्र सिँचाइ गर्ने गरेको देखियो । दुवै सिजनमा आलु लगाउने करिब २० प्रतिशतले आलुमा सिँचाइ गरेको पाइयो । यो पनि हिँउदे आलुमै गरिने सिँचाइ हो ।

हिँउदे आलु प्राय धान लाउने खेतमा अर्थात पानी लाग्ने ठाउँमा लाउने भएकाले यस्तो देखिएको हो । वर्खे आलु पाखो बारीमा र लेकाली क्षेत्रमा बढी लाउने गरेको देखिन्छ जहाँ सिँचाइको व्यवस्था हुन सकेको छैन ।

तालिका : आलुमा सिँचाइको अवस्था

| सिँचाइ ⬇ | आलु लाउने सिजन ➡ | वर्खा | हिँउद | दुवै |
|---|---|---|---|---|
| गर्छु | | 4.4 % | 58.8 % | 18.8 % |
| गर्दिन | | 95.6 % | 41.2% | 81.3 % |
| $\chi^2 = 90.79$ p-value <0.01 | | | | |

सिँचाइ गर्नेहरुले औसतमा २ चोटी सिँचाइ गर्ने गरेको पाइयो ।

### ५.९.८ आलुमा गोडमेल

जोन क्षेत्रमा औसतमा दुई चोटि गोडमेल गर्ने गरेको पाइयो । कृषकहरुले एक चोटि खन्ने (गोड्ने) र एक चोटि उकेरा लाउने गरेको बताए ।

### ५.९.९ आलु खेतीमा महिला पुरुषको योगदान

**खेतीमा निर्णायक भूमिका**

आलु खेतीमा निर्णायक भूमिका कसको रहन्छ भनी सोध्दा ५० प्रतिशतले आफ्नो घरमा महिलाको भूमिका बढी रहने बताए । यसैगरी १० प्रतिशतले पुरुषको भूमिका बढी रहने बताए भने ४० प्रतिशतले दुवैको भूमिका बराबर रहने बताए ।

तालिका: आलु खेतीमा निर्णायक भूमिका

| भूमिका | प्रतिशत |
|---|---|
| महिलाको बढी | 50.6 |
| पुरुषको बढी | 40.3 |
| दुवैको बराबर | 9.1 |

**खनजोतमा कामको भार**

खनजोतमा महिला भन्दा पुरुषमा कामको भार बढी हुने देखियो । सहभागीका अनुसार गोरु जोत्ने काम पुरुषले गर्ने र खन्ने काम महिलाले अथवा दुवैले मिलेर गर्ने गरेको बताए ।

तालिका: खनजोतमा कामको भार

| कामको भार | प्रतिशत |
|---|---|
| महिलाको बढी | 3.8 |
| पुरुषको बढी | 72.8 |
| दुवैको बराबर | 23.4 |

मल बोक्ने काममा कामको भार

मल बोक्ने काम महिलाले बढी गर्ने गरेको देखियो । सहभागीमध्ये ६५ प्रतिशतले यसमा महिलाको भार बढी रहेको बताए भने ७ प्रतिशतले पुरुषको भार बढी रहेको बताए ।

तालिका: मल बोक्ने काममा कामको भार

| कामको भार | प्रतिशत |
|---|---|
| महिलाको बढी | 65.3 |
| पुरुषको बढी | 7.2 |
| दुवैको बराबर | 27.5 |

**आलु रोप्ने काममा कामको भार**

आलु रोप्ने काममा महिलाको कामको भार बढी देखियो । जम्मा १ प्रतिशत सहभागीले मात्र यस कुरामा पुरुषको भार बढी रहेको बताए भने ७९ प्रतिशतले महिलाको भार बढी रहेको बताए ।

तालिका: आलु रोप्ने काममा कामको भार

| कामको भार | प्रतिशत |
|---|---|
| महिलाको बढी | 57.8 |
| पुरुषको बढी | 2.5 |
| दुवैको बराबर | 39.7 |

**गोडमेलमा कामको भार**

गोडमेलमा पनि महिलामा कामको भार बढी रहेको देखियो ।

तालिका: गोडमेलमा कामको भार

| कामको भार | प्रतिशत |
|---|---|
| महिलाको बढी | 78.8 |
| पुरुषको बढी | 1.2 |
| दुवैको बराबर | 20.0 |

आलु खन्ने काममा कामको भार

आले खन्ने काम महिला पुरुष दुवै मिलेर गर्ने गरेको देखियो । यस काममा करिब ८० प्रतिशत सहभागीले महिला पुरुष दुवैले मिलेर काम गर्ने गरेको बताए ।

तालिका: आलु खन्ने काममा कामको भार

| कामको भार | प्रतिशत |
|---|---|
| महिलाको बढी | 19.4 |
| पुरुषको बढी | 1.2 |
| दुवैको बराबर | 79.4 |

**बजारीकरणमा भूमिका**

बजारीकरणमा पनि धेरै जसो (६१ प्रतिशत) सहभागीले दुवैको भूमिका बराबर रहने गरेको बताए ।

तालिका: बजारीकरणमा भूमिका

| कामको भार | प्रतिशत |
|---|---|
| महिलाको बढी | 12.5 |
| पुरुषको बढी | 25.6 |
| दुवैको बराबर | 61.9 |

### ५.९.१० आलुमा लाग्ने रोग कीरा

सर्वेक्षणबाट डढुवा रोग किसानका लागि मुख्य समस्या रहेको थाहा भयो ।यसैगरी कीराहरुमा रातो कमिला र खुम्रे कीरा बढी लाग्ने गरेको पाइयो ।

तालिका : जोन क्षेत्रमा आलुमा लाग्ने मुख्य रोग

| रोगको नाम | रोगको किसिम | कारक जीवाणु |
|---|---|---|
| आलुको पछ्यौटे डढुवा<br>Late blight of Potato | ढुसीजन्य (Fungal) | *Phytopthera infestans* |

तालिका: जोन क्षेत्रमा आलुमा लाग्ने मुख्य कीरा

| कीराको नाम | वैज्ञानिक नाम |
|---|---|
| रातो कमिला | *Dorylus orientalis* |
| खुम्रे कीरा | *Phyllophaga rugosa* |
| कालो कागे खपटे | *Epicauta pensylvanica* |
| फेद काट्ने कीरा | *Agrotis ipsilon* |

### ५.९.११ उत्पादित आलुको प्रयोग

यस सर्वेक्षण अनुसार जोन क्षेत्रमा ९३२.९ रोपनी (४७.४५ हेक्टर) क्षेत्रफलमा आलु खेती गरिएको पाइयो जसमा ५,२५,२२३टन आलु उत्पादन हुँदो रहेछ । उत्पादित आलु मध्ये करिब १०

प्रतिशत आलु उत्पादन उपरान्त क्षति हुने रहेछ । यसैगरी १८ प्रतिशत बीउको रुपमा प्रयोग हुने रहेछ भने ३० प्रतिशत घरमै खानको लागि प्रयोग हुने रहेछ र ४२ प्रतिशत आलु विक्री हुने रहेछ ।

चित्र: उत्पादित आलुको प्रयोग




## ५.९.१२ आलुको विक्री वितरण

सर्वेक्षणमा सहभागी किसानहरुलाई आलु विक्री गर्नुहुन्छ कि गर्नुहुन्न भनी सोध्दा ७३ प्रतिशत किसानहरुले विक्री गर्ने गरेको बताए भने २७ प्रतिशत कृषकहरुले विक्री गर्ने नगरेको बताए ।

आलु विक्री गर्ने ७३ प्रतिशत किसान मध्ये २४ प्रतिशत छान्ना, २० प्रतिशत सुर्मा, १५ प्रतिशत तलकोट मष्टा र १४ प्रतिशत जयपृथ्वी बाट रहेको देखियो । तर काइस्क्वाएर टेस्ट (Chi-square test) लगाएर हेर्दा भौगोलिक क्षेत्र र आलु विक्री गर्ने/नगर्ने कुरामा सम्बन्ध नरहेको देखियो ।

तालिका: आलुको विक्री वितरणको विवरण

| आलुको विक्री वितरण | जयपृथ्वी | खसड छान्ना | सुर्मा | तलकोट मष्टा- | कुल |
|---|---|---|---|---|---|
| गर्ने | 14.1% | 24.7 % | 19.7 % | 15 % | 73.4 % |
| नगर्ने | 4.7 % | 6.6 % | 8.4 % | 6.9 % | 26.6 % |
| कुल | | | | | १०० % |

## ५.९.१३ आलु विक्री गरिने स्थान

आलुको विक्री वितरण घरबाट, स्थानीय बजारबाट अथवा यी दुवै स्थानबाट हुने गरेको देखियो । सर्वेक्षणमा सहभागी ३२० जना मध्ये २३५ अर्थात ७३.४ प्रतिशतले मात्र आलु विक्री गरेको पाइयो ।

आलु विक्री गर्नेको संख्यलाई शत प्रतिशत मान्दा १८ प्रतिशतले आलु घरबाट मात्रै विक्री गर्नै गरेको, ४४ प्रतिशतले स्थानीय बजारबाट मात्रै विक्री गर्ने गरेको र बाँकी ३८ प्रतिशतले दुवै स्थानबाट विक्री गर्ने गरेको पाइयो ।

तालिका : आलु विक्री हुने स्थान

| आलु विक्री गर्नै स्थान | प्रतिशत |
|---|---|
| घरबाट मात्रै | 17.9 |
| स्थानीय बजारबाट मात्रै | 44.3 |
| दुवै स्थानबाट | 37.9 |

काइस्क्वाएर टेस्ट (Chi-square test) लगाएर हेर्दा भौगोलिक क्षेत्र र आलु विक्री हुने स्थानबीच सम्बन्ध रहेको देखियो । जयपृथ्वीमा र सुर्मामा स्थानीय बजारबाट बढी विक्री वितरण हुने देखियो भने खप्तड छान्नामा घर र बजार दुवै ठाउँबाट विक्री हुने देखियो ।

चित्र : आलु विक्री हुने स्थान




### ५.९.१४ आलुको मुल्य वृद्धिक्रम

बझाङ जिल्लामा विगत चार वर्षमा (विसं २०७४-२०७७) आलुको मुल्य निरन्तर वृद्धि भएको देखिन्छ । २०७७ सालमा डढुवाका कारण आलुको उत्पादनमा कमी आइ बजारमा आलुको अभाव भएका कारण मुल्यमा अत्यधिक वृद्धि भएता पनि अन्य वर्षको मुल्य वृद्धि भने स्थिर रुपमा भएको देखिन्छ ।अरु वर्ष घरबाट विक्री हुने र बजारबाट विक्री हुने मुल्यमा रु ४-५ को फरक देखिन्छ भने २०७७ सालमा अस्वभाविक मुल्यवृद्धिका कारण यो अन्तर पनि १० रुपिँया सम्म पुगेको छ ।

चित्र : आलुको मुल्य वृद्धिक्रम




### ५.९.१५ उत्पादनोपरान्त गरिने कृयाकलापहरु

**आलुको भण्डारण**

जोन क्षेत्रमा खाडल, भकारी, डोको/बोरा र फिँजाएर राख्ने गरी चार किसिमका भण्डारण तरिका अपनाइएको पाइयो । यी चार मध्ये कसैकसैले (१२.८ प्रतिशतले) एक भन्दा धेरै तरिका पनि अपनाएको देखियो । एक भन्दा धेरै तरिका अपनाएको खण्डमा मुख्य तरिकालाई मात्र आधार मानि यहाँ विश्लेषण गरिएको छ ।

जिल्लाभरि सबै भन्दा धेरै खाडलमा राखेर भण्डारण गर्ने तरिका अपनाइने रहेछ । यो तरिका ४४ प्रतिशत किसानले अपनाउने गरेको देखियो ।

तालिका: आलु भण्डारण गर्ने तरिका

| आलु भण्डारण गर्ने तरिका | अपनाउने किसानको प्रतिशत |
|---|---|
| खाडलमा | 44.1 |
| भकारीमा | 17.2 |
| डोकोबोरामा/ | 21.3 |
| फिँजाएर | 17.5 |

काइस्क्वाएर टेस्ट (Chi-square test) लगाएर हेर्दा भौगोलिक क्षेत्र र भण्डारण गर्ने तरिकामा तात्विक सम्बन्ध रहेको देखियो । छान्ना क्षेत्रमा फिँजाएर राखे तरिका बढी प्रयोग गर्ने रहेछन् भने अन्य क्षेत्रमा खाडलमा राखे तरिका धेरै प्रयोग गर्ने रहेछन् । खाडलमा राखे तरिका तलकोट-मष्टामा सबैभन्दा धेरै प्रयोग गर्ने रहेछन् ।

चित्र: आलुको भण्डारणको तरिका




$\chi^2$ = 64.77 p-value $<0.01$

**ग्रेडिङ**

सर्वेक्षणमा सहभागी ६१ प्रतिशत किसानले उत्पादन उपरान्त ग्रेडिङ गर्ने गरेको बताए भने ३९ प्रतिशत किसानले ग्रेडिङ नगर्ने बताए । भौगोलिक क्षेत्र र ग्रेडिङ गर्ने कुरामा कुनै सम्बन्ध भएको देखिएन ।

**प्याकिङ**

आलु बेच्ने किसानहरुले बजार लग्दा डोको अथवा बोरामा प्याकिङ गरेर लग्ने कुरा बताए ।

### ५.९.१६ आलु खेती सम्बन्धी अन्य जानकारी

जोन क्षेत्रका कुनै पनि किसानले आलु विमा गरेको पाइएन । कसैले पनि आफ्नो क्षेत्रमा संकलन केन्द्र नभएको बताएभने ५ प्रतिशतले आफ्नो ठाउँमा भण्डारण सुविधा भएको कुरा बताए । आलु जोन स्थापना भएपछि खप्तड छान्ना गाउँपालिकाको गोर्खाली भन्ने ठाउँमा आलु भण्डारणको लागि रस्टिक स्टोर बनेको छ ।

जोन क्षेत्रभित्रका करिब १० प्रतिशत किसानले कृषि सम्बन्धी तालिम लिएको बताए भने ९० प्रतिशतले कुनै पनि किसिमको तालिम नलिएको बताए ।

सर्वेक्षणमा सहभागी मध्ये ४७ प्रतिशत किसान अथवा परिवारको कुनै सदस्य कृषि समुह वा सहकारीमा आवद्ध भएको देखिए भने ५३ प्रतिशत किसान समुह सहकारीमा आवद्ध भएको देखिएनन् ।

सर्वेक्षणमा सहभागी ८५ प्रतिशत किसानले आलुको क्षेत्र विस्तार गर्न इच्छुक भएको बताए भने १५ प्रतिशतले क्षेत्र विस्तारमा इच्छुक नरहेको बताए ।

क्षेत्रविस्तारमा इच्छुक किसानहरुले विस्तार गर्न चाहेको क्षेत्रफलको औसत निकाल्दा ३.०५ रोपनी हुन आयो ।

### ५.९.१७ आलु उत्पादनमा रहेका समस्या र किसानका अपेक्षाहरु

आलु उत्पादनमा रहेका अनेकन समस्याहरु मध्ये रोगकीराको समस्या एउटा प्रमुख समस्या हो । यस वर्ष डढुवा रोगका कारण आलु उत्पादनमा अनुमानित पचास प्रतिशत भन्दा बढी क्षति भएको किसानहरुले बताएका छन् । यसैगरी कीराहरुमा रातो कमिला र खुम्रे कीरा उत्पादनमा क्षति पुर्याउने प्रमुन कीरा रहेका छन् ।

रोग कीरा बाहेक गुणस्तरीय बीउको अभाव, सिँचाइको कमी, उत्पादन उपरान्त भण्डारण सुविधा नहुनु आदि पनि समस्या रहेको किसानहरुले बताएका छन् । यसैगरी लेकाली भेगमा आलु खेती हुने ठाउँमा जङ्गली जनावरहरुले क्षति गर्ने समस्या रहेको पाइयो । केही केही किसानहरुले ढुवानी र विक्री वितरणमा पनि समस्या रहेको बताएका छन् ।

रोग कीरा नियन्त्रणको लागि किसानहरुले प्राविधिक सहयोगको अपेक्षा गरेका छन् । यसैगरी समयमा गुणस्तरीय बीउको आपूर्ति, सिँचाइ पूर्वाधारको निर्माण, भण्डारण घरको सुविधा आदि किसानका अन्य अपेक्षा रहेका छन् । लेकाली भेगमा आलु लगाउने किसानले घेरबारमा सहयोग अपेक्षा गरेका छन् भने पर्याप्त उत्पादन गर्ने किसानले बजारीकरणतर्फ सहयोगको आशा राखेका छन् ।

## ५.१० (SWOT)विश्लेशण

क. सबल पक्षः

- अनुकुल जलवायु
- क्षेत्र विस्तार हुन सक्ने
- रोजगारी सिर्जना हुने
- श्रमिक उपलब्ध हुन सक्ने
- गरिबी न्यनिकरणमा सहयोग
- परम्परागत आलु खेतीको अभ्यास
- नविनतम प्रविधि विस्तार गर्न सकिने
- खाध्यबालीको भुमिका निर्वाह गर्ने
- उत्पादन, प्रशोधन वृद्रि हुन सक्ने
- उद्योग स्थापना हुन सक्ने

ख.दुर्बल पक्ष

- कठिन भुगोल
- कृषि सडक बाह्रै महिना नचल्ने र उत्पादित आलु बजारको मागको समयमा पुर्याउन नसकिने
- यान्त्रीकरणको अभाव
- कृषि क्षेत्र प्रति युवाको विकर्षण
- बजार परनिर्भरता
- शित गृह। प्रशोधन केन्द्रको अभाव
- युवा जनशक्ति विदेश पलायन
- सिचाइ स्रोतको कमि
- कमजोर आर्थिक स्थिति

ग. अवसर

- उत्पादन क्षेत्र, उत्पादन, उत्पादकत्व वृर्दि हुन सक्ने
- नविनतम प्रविधि हस्तान्तरण गर्न सकिने।
- कृषि उद्योग स्थापना गर्न सकिने
- बेरोजगारी घटाउन सकिने
- राष्टिय आयमा योगदान पुर्याउन सकिने
- कृषि पूर्वाधार विकास गर्न सकिने
- बाहिरि जिल्ला निर्यात गर्न सकिने

घ. चुनौती

- भूगोलको विषमता
- बजार परनिर्भरता
- प्राकृतिक प्रकोप
- कृषि क्षेत्रमा न्यून लगानी
- जमिन भिरालो तथा खण्डीकरण
- प्रतिकुल मौसम तथा रोग किराको प्रकोप

## ५.११निष्कर्ष

बझाङ जिल्ला नेपालका आलु उत्पादन हुने जिल्ला मध्ये एक प्रमुख जिल्ला हो । यस जिल्लाले आलु उत्पादन क्षेत्रको विस्तार, आलु बीउको उत्पादन र आलुको व्यावसायीकरणका लागि प्रशस्त सम्भावना बोकेको छ । यस अध्ययनले पनि यस क्षेत्रका किसान आलुको क्षेत्र विस्तारको लागि उत्साहित रहेको देखाएको छ । यस सर्वेक्षणले जिल्लामा आलुको उत्पादकत्व ११.०६ टन/हेक्टर रहेको देखाएको छ जुन राष्ट्रिय उत्पादकत्व भन्दा कम हो तर यस जिल्लामा गुणस्तरीय बीउको अभाव, सिँचाइको कमी, मलखादको पर्याप्त प्रयोग बिना यत्तिको उत्पादन भइरहेको छ । तसर्थ उत्पादन प्रविधिको विस्तार तथा आलु खेतीका उचित विधिहरु अपनाउन सके जिल्लमा आलु उत्पादन बढाउन सकिने देखिन्छ ।

## ५.१२सन्दर्भ सामग्री


Agricultural Statistics Nepal(2018) Retrieved October 16 2020, from http://potatopro.com/nepal/potato-statistics

CIP (2020). International Potato Centre. Retrieved from https://cipotato.org/potato/

FAO. (2008). The Potato. *International Year of the Potato*. Retrieved October 15, 2020, from http://www.fao.org/potato-2008/en/potato/origins.html

FAOstat(2018).Food and Agriculture Organization. Retrieved from http://faostat.fao.org

Gairhe. S., Gauchan. D., & Timsina K. (2017). Adoption of Improved Potato Varieties in Nepal. Journal of Nepal Agricultural Research Council, Vol 3.

Haan. S., & Rodriguez. F. (2016). Potato Origin and Production. Advances in Potato Chemistry and Technology

Upadhdyay et. al. (2020). Adoption of Improved Potato Varieties in Nepal. Journal of Southeast European and Black Sea Studies 3(2):139-145

कृषि डायरी(२०१८). कृषि सूचना तथा प्रशिक्षण केन्द्र

निरौला, गजेन्द्र सेन (२००८). नेपालमाआलुखेतीकोवर्तमानस्थिति

बझाङ्ग जिल्ला पाश्र्वचित्र, २०७०

# ६. विविध

## ६.१ आ.ब. २०७६/७७ मा कार्यरत कृषि इन्टर्न श्री शिक्षित पराजुलीको अध्ययनको शोधपत्रः

**अध्ययनको शिर्षक** : *बझाङ्ग जिल्लाका आलु उत्पादक किसानहरुको प्राविधिक दक्षता र निर्धारणसम्बन्धी दक्षता अनुमान तथा मापन अध्ययन*

अध्ययनकर्ता : शिक्षित पराजुली तह : स्नातक (कृषि विज्ञान)

**अध्ययनको निचोड**

यस अध्ययनमा प्रधानमन्त्री कृषि आधुनिकिकरण प्रयोजना, प्रयोजना कार्यान्वयन इकाई, आलु जोन, बझाङ्ग अन्तरगत रहेका ६ वटा स्थानीय तहहरुमा आलु उत्पादक किसानको प्राविधिक दक्षता र निर्धारण दक्षता, अनुमान तथा मापन गरीएको छ । ती ६ वटा स्थानीय तहहरुको नाम यस प्रकार छन् : जयपृथ्वी नगरपालीका, तलकोट गाँउपालीका, मष्टा गाँउपालीका, खप्तडछान्ना गाँउपालीका, सुर्मा गाँउपालीका र छवीसपाथीभरा गाँउपालीका । कुनै पनि किसानलाई त्यति वेला पूर्ण प्राविधिक दक्ष किसान मान्न मिल्छ जति वेला किसानले आफ्ना श्रोत र साधनलाई न्यून्वतम प्रयोग गरेर सर्वोकृष्ट उत्वादन गर्न सक्छन् । त्यसै गरी निर्धारणसम्बन्धी दक्ष किसान ती हुन जसले आफूले प्रयोग गर्ने श्रोत र साधनको आर्थिक व्ययलाई ध्यान दिदै सो खर्चको प्रत्येक अंशलाई सर्वोत्तम लाभदायी प्रयोग गर्न सक्छन् ।

यस अध्ययनको नतिजाले अध्ययन क्षेत्रका आलु उत्पादक किसानको औसत प्राविधिक दक्षता ज्यादै धेरै देखिएको छ जुन हो ८७.७५ प्रतिशत । साथै आलु उत्पादनमा मलको मात्रा, विउको मात्रा र खेतको आकारको सकारात्मक असर पाइयो भने खेतमा खनजोतका लागि प्रयोग गरिने पशुसाधनको नकारात्मक असर हुने पाइयो ।

अध्ययनमा समावेस गरीएका किसानका सामाजिक र आर्थिक विशेषता जस्तै औपचारिक शिक्षाको अवस्था, उमेर, कुल जमिन, तालिम र सामाजिक परिचालकसँगको सम्पर्कतालाई प्रविधिक दक्षता ह्रास पार्न सक्ने वा नसक्ने विषयमा आंकलन गर्न प्रयोग गरिएको थियो । सो आँकलनको नतिजाले सामाजिक परिचालकहरुको सम्पर्कलाई दक्षता वृद्धिको सुचक देखाएको हुनले यसलाई थप प्राथमिकता दिनु पर्ने देखिन्छ । तर, अन्य सामाजिक आर्थिक विशेषताको ठोस भूमिका देखिएन ।

साथै निर्धारणसम्बन्धी दक्षताको अध्ययन नतिजाले मलको मात्रा र विउको मात्रामा आवश्यकता भन्दा ५२.१५ प्रतिशत र १०.७१ प्रतिशतले कम प्रयोग भएको देखियो । तर, कामदार सँख्या र खनजोतमा प्रयोग हुने पशु सँख्या आवश्यकता भन्दा २८.२० प्रतिशत र १५२.९१ प्रतिशतले बढी प्रयोग भएको देखियो । त्यसैले सोही प्रतिशतले कम प्रयोग भएका साधनलाई बढाउने र बढी प्रयोग भएका साधनलाई कम गर्दा खर्च कम र आमदानी वृद्धि हुन जान्छ ।

## ६.२ बाली पात्रो

| क्रस. | बाली | बैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | धान | | | | | | | | | | | | |
| २ | मकै | | | | | | | | | | | | |
| ३ | गहुँ | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | आलु | | | | | ■ | | | ■ | | ■ | | ■ |
| ५ | कोदो | | | ■ | ■ | | | | | | | | |
| ६ | जौ | | | | | | | ■ | | | | | |
| ७ | काउली | | | | | ■ | | | | | | | |
| ८ | टमाटर | | ■ | | | | | | | | | | |
| ९ | फापर | | | | | | | ■ | | | | | |
| १० | सिमी | | ■ | | | | | | | | | | |
| ११ | रायो | | | | | | | | ■ | | | | |
| १२ | मुला | | ■ | | | | ■ | | | | | | |
| १३ | उवाँ | | | | | | | ■ | | | | | |

## ६.३जोन क्षेत्रमा सुचना प्रवाह हुन सक्ने मुख्य एफ.एम. हरु

१. साइपाल एफ.एम बझाङ
२. सेती सामुदायिक एफ.एम बझाङ
३. खप्तड एफ.एम बझाङ
४. जनमुखी एफ.एम बझाङ
५. बझाङ एफ.एम बझाङ
६. केदार एफ.एम बझाङ

## ६.४जोन क्षेत्रमा रहेका सरकारी कार्यालयहरु

यस जोन क्षेत्रमा रहेका सरकारी कार्यालयहरुमा सुर्मा गाउँपालिकाको कार्यालय ,वडा न. १,२,३,४ र ५ को वडा कार्यालय कृषि शाखा, पशु शाखा जयपृथ्वी नगरपालिकको १र ११ को वडा कार्यालय कृषि शाखा, पशु शाखा खप्तड छान्ना गाउँपालिकाको कार्यालय वडा न. ४,५ र ७ को वडा कार्यालय छविस

पाथिभेरा गा.पा को वडा न. ५, ६ र ७ को वडा कार्यालय मष्टा गा.पा को १,२ र ७ को वडा कार्यालय र तलकोट गा.पाको वडा न. ६ र ७को वडा कार्यालयहरु पर्दछन र यी सरकारी कार्यालयहरुले पनि आलु खेती कृषकलाई सहयोग गरेको पाइयो ।

### ६.४.१ गैर सरकारी कार्यालयहरु

यस जोन क्षेत्रमा गैर सरकारी कार्यालयहरुमा IVWRMP, यु.एम.एन बझाङ क्लस्टर, सु-आहारा रेडक्रस , हरियाली आदी रहेका छन् ।

## ६.५ आलु उत्पादन र उत्पादन उप्रान्त समस्या

| उत्पादन समस्या | कारण | उत्पादन उप्रान्त समस्या | कैफियत |
|---|---|---|---|
| रातो कमिला अथवा खर्मुलो | सिचाई र जग्गा व्यवस्थापन | रोग किराको समस्या | |
| खुम्रे किरा | काँचो गोबर मलको प्रयोग | भण्डारणको समस्या | |
| बाली ओइलाउने | बिषादिबाली निरिक्षण र अस्वस्थ बिउ को प्रयोग | बजार व्यवस्थापनको समस्या | |
| कुहिने | | उचित मुल्यको समस्या | |
| डढुवा | | मुसाको समस्या | |
| सिंचाई | पूर्वाधार छैन | आलुको जोताहा पुतलीको समस्या | |
| मुसा | व्यवस्थापनको कमि | | |

## ६.६गत तीन वर्ष आलुको मुल्य

सर्वेक्षकमा सहभागि कृषकहरुलाई सोध्दा गत तीन वर्ष आलुको मुल्य औसतमा यस्तो रह्यो ।

| वर्ष | | २०७४ | | २०७५ | | २०७६ | |
|---|---|---|---|---|---|---|---|
| विवरण | | खायन | बीउ | खायन | बीउ | खायन | बीउ |
| मौसमी प्रति केजि. | घरबाट | २२ | २५ | २३ | २८ | २५ | ३० |
| | स्थानिय बजार | २४ | २६ | २५ | ३० | २८ | ३२ |
| बेमौसमी | घरबाट | २५ | २८ | २६ | ३० | २८५. | ३२ |
| | स्थानिय बजार | २७ | ३० | २८ | ३२ | ३० | ३५ |

## ६.७पूर्व -मूल बीउआलु  (PBS) बाट वीजबृद्धि योजना

भाइरस र अन्य रोग बाट मुक्त पारिएको आलुको बोटबाट लिइएको टिस्युलाई कल्चर गरी द्रुत दरले प्रजनन गरी लाही किरा पनि छिर्न नसक्ने सिसा घरमा वा जाली घरभित्र किटाणु रहित माटो र बालुवाको मिश्रणमा उब्जाईएका स-साना आलुका दानालाई पूर्व -मूल बीउआलु  (PBS) भनिन्छ । यो आलु उत्पादनको मुख्य उदेस्य आलुको जातिय गुण तथा यसको उत्पादन क्षमतालाई कायम राखी राख्नु हो । बीउआलु उत्पादक कृषक समुहहरुले बीउआलुको गुणस्थर कायम राख्नन हरेक बर्ष  थोरै परिमाणमा पूर्व -मूल बीउआलु  (PBS) लगाई पहाडमा बढीमा ५-६ बर्ष र तराईमा बढीमा ३-४ बर्षसम्म विभिन्न स्थरका वीउको बीज वृद्रि गरि खायन आलु खेती गर्ने कृषकहरुलाई उन्नत बीउआलुको रुपमा बिक्री  बितरण गर्नुपर्दछ । पूर्व -मूल बीउआलु  (PBS) बाट बीउआलु उत्पादन गर्ने योजना यस प्रकार रहेको छ ।

**तालिका १: पूर्व- मूल वीउआलु (PBS) बाट बीउआलु उत्पादन**

५०० दाना पूर्व -मूल बीउआलु (PBS) (१-५ ग्राम तौल साइज) ले ४५  मिटर क्षेत्रफल ढाक्दछ। पहिलो वर्ष यसबाट न्युनतम ७५ के.जी मुल  बीउआलु उत्पादन  हुन्छ ।

↓

दोस्रो वर्ष यसबाट १ रोपनि जग्गामा बिजवृदि कार्यक्रम संचालन गर्न पुग्दछ र यसबाट न्यनतम ७५० के.जी प्रमाणित -१ (Certified -१) स्थर वीउआलु उत्पादन हुन्छ ।

↓

तेस्रो वर्ष यसबाट १० रोपनी जग्गामा बीजवृर्द्रि कार्यक्रम संचालन गर्न पुग्दछ र यसबाट न्यनतम ७५०० के.जी प्रमाणित -२ (Certified -२) स्थर वीउआलु उत्पादन हुन्छ ।

↓

चौथो वर्ष यसबाट १०० रोपनी जग्गामा बीजबृर्द्रि कार्यक्रम संचालन गर्न पुग्दछ र यसबाट न्युनतम ७,५००० के.जी. उन्नत (Improved) वीउआलु उत्पादन हुन्छ ।

**रोग किरा नियन्त्रण**

बीउलुको व्यावस्थापन सुरु गरे देखिनै रोग व्याधिको नियन्त्रण सुरु गर्नु पर्दछ । क्षेत्र र मौसम हेरी शित भण्डार वा रष्टिक भण्डार बाट ल्याईएको बीउआलु टुसाउन राखिएको अवस्थामा नै विभिन्न रोग किराको आक्रमण हुन सक्दछ ।विशेष गरी आलुको दानामा आलुको पुतली र लुको टुसामा लाही किरा लाग्ने संभावना हुन सक्छ र यस्तो स्थितिमा बिउआलुलाई स्वास्थ राख्ने किसिमका सबै उपायहरु अपनाउन पर्दछ । आलु बालीलाई लगाईसकेपछी माटोमुनी बसी फेद काट्ने किरा, खुम्रे, रातो कमिला आदिको प्रकोप हने भएमा जग्गा तयार गर्ने बेला अर्थात आलु रोप्नु भन्दा पहिले नै माटोमा प्रयोग गर्न सकिने बिषादी कृषि प्राविधिकको सल्लाहामा सिफारिस गरिएअनुसार मिलाउन पर्दछ । माटोमा प्रयोग गरिने बिषादि प्रयोग गरिएको आलु बाली बाट उत्पादित बीउआलुलाई मात्र सिमित राख्नु पर्दछ र कुनै हालतमा पनि खायनका लगि प्रयोग ग्नु हुदैन । बाली अवधिमा अगौटे डडुवा, पछौटे डढुवा लगाएतका रोगहरु तथा खपटे फडके आदि रोग तथा किराहरुको आक्रमण भएमा वा हुने अवस्था रहेमा आवश्यकता हेरी कृषि प्राविधिकको सल्लाहामा सिफारिस अनुसार विषादि प्रयोग गर्नुपर्दछ ।

**झारपात नियन्त्रण र उकेराः**

झारपात उखेल्ने र उकेरा दिने कार्य बीउआलु उत्पादनमा महत्वपूर्ण कार्य मानिन्छ । प्रर्याप्त मात्रामा उपलब्ध हुने खाध्य तत्वहरु त चिस्यानले गर्दा सुरुको अवस्थामा धेरै झारपातहरु सजिलैसंग उम्रन्छन् । बीउआलु उत्पादन प्लटमा उम्रेका झारपातले आलुको बिरुवासंग प्रतिस्पर्धा मात्र गर्दैनन् कि यिनिहरु रोग किराका मुख्य श्रोत पनि बन्दछन् । त्यस कारण झारपातहरु समयमा नै पूर्णररुपमा नियन्त्रण गर्नु जरुरी हुन्छ ।

**रोगिङः**

बीउआलु खेतीमा स्वस्थ र शुद्ता कायम राख्न नमिल्दा, रोग ग्रस्त र वेजातका वोटहरुलाई दाना सहित उखेलेर निर्मुल पार्ने कार्यलाई रोगिङ भनिन्छ । रोगिङ बाली अवधिभर करिव ३ पटक ( पहिलो विरुवाको उचाई १०-१५ से.मी. भएपछि, दोस्रो फुल फुल्ने वेलामा र तेस्रो बाली भित्राउनु अघि वा खन्ने समयमा ) गरिनु पर्दछ । संभव भएमा आलुको बोट उम्रिसकेपछि सकभर चांडै रोगिङ कार्य सुरु गर्नु पर्दछ । जसले गर्दा रोगी बोटबाट स्वस्थ बोटमा रोग सर्न पाउँदैन । पहाडमा नाभो आलु जातिय मिश्रणको मुख्य समस्याको रुपमा रहेको छ । त्यस कारण रोगिङ आवश्यकताअनुसार जतिपटक पनि गर्न सकिन्छ र सम्भव भएसम्म छिट्टै सुरु गर्नुपर्दछ ।

**हाल्म पुलिङः**

माटोमुनि फलेका दाना निरिक्षण गर्दा ८० प्रतिशत आलु दाना विउ साईजमा पुगेको भएमा सिंचाई बन्द गर्नु पर्छ र बन्द गरेको ७ दिन पछि वोट उखेल्नु पर्छ । बोट उखेल्दा बोटलाई दुईवटा खुट्टाको विचमा पारी

खट्टाले च्यापी उखेल्नु पर्दछ जसले गर्दा दाना माटो भित्रै रहन्छ र डांठ ,त्यान्द्रा र जरा बोट संगै बाहिर आउंछ जसलाई हाल्म पुलिङः भनिन्छ । हाल्म पुलिङः नगरेमा आलु खन्दा आलिको बोक्रा छिप्पिएको हुदैन र खुईलिन सक्ने सम्भावना हुन्छ, जसले गर्दा आलुको दानामा सजिलै रोग किराको प्रवेश हुन सक्छ । डढुवाको प्रकोप ज्यादा भएमा र लाहि किराको संख्या बढेमा हाल्म पुलिङ केही समय अगाडी पनी गर्न सकिन्छ ।

**आलु खन्ने, सुकाउने, ग्रेडिङ गर्ने तथा भण्डारण**

हाल्म पुलिङ गरेको १५ दिन पछि आलु खन्नुपर्छ र आलु खनेपछि वीउ साइजका आलुलाई अन्य आलुबाट ( साना, ठुला, काटिएका र रोगी, चोटपटक लागेका ) छुट्याई १०-१५ दिनसम्म हावादार कोठामा पातलो गरी फिजाएर राख्नुपर्दछ । त्यसपछि ठुलो, मझौला र सानो गरी ३ साईजमा ग्रेडिङ गर्नुपर्दछ ।

## ६.८आलुका जातहरु

# क) उन्मोचित जातहरु


कुफ्रिज्योती


कूफ्रि सिन्दुरी


डेजिरे


खुमल रातो -२


खुमल लक्ष्मी


आई.पि.वाई -८


जनकदेव


खुमल सेतो -१


खुमल उज्वल


खुमल उपहार


खुमल विकास

## ख) पञ्जिकृत जातहरु







## कृषकस्तरमा लोकप्रिय दर्ता भएका जातहरु









### ६.९प्लाष्टिक मल्चिङ प्रयोग गरी आलु खेति प्रविधि






**जमिनको खनजोत** :तिन चार पटक खनजोत गरी माटो बुरबुराउदो हुने गरी जमिनको तयारी गर्ने मल्चिङ बिछ्याउदा १०-१५ से.मी. माटोले छोप्ने गरी ड्याङको दुबैतिर बाट छोप्ने गरी मल्चिङ राख्ने ।






लाइन देखि लाईनको दुरी ६० से.मी
बोट देखि बोट सम्मको दुरी २० से.मी



नेपाल सरकार,
कृषि तथा पशुविकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण,
परियोजना कार्यान्वयन इकाई,आलु जोन-बझाङ्ग
जोन प्रोफाइल घर धुरी सर्वेक्षण फारम

मिति..............................
घरधुरी......................................

## १ सामान्य जानकारी

कृषक को नाम......................................... उमेर....................बर्ष
ठेगाना .......................................... गा.पा /नपा / उप नपावडा नः
टोलको नामः ............................................................
आबद्ध रहेको समूह/सहकारी/उद्धमी संस्थाको नामः..........................................................................
परिवार सदस्य संख्या : महिला .......................... जना : पुरुष : .......................... जना
घरमुलीको नामः ...................................... घरमुलीको उमेर .....................
घरमुलीको लिङ्ग : क) महिला ख) पुरुष
तपाईको शैक्षिक योग्यता .........................घरमुलीको शैक्षिक योग्यता ....................
परिवारको शैक्षिक स्थिति
निरक्षरः ............ जनासाक्षर मात्र( अक्षरमात्र चिन्ने): ............ जना
आधारभुत तह ................जना माध्यमिक तह पासः ............ जना उच्च शिक्षाः ............ जना
वार्षिक आम्दानी
क)कृषिः............................ख)पशुपालनः................................ ग) व्यवसायः.........................................
घ)सरकारीजागिरः..........................गैह्रसरकारीजागिरः............................ज्यालादारीः............................................
वैदेशिक रोजगार................................अन्य (खुलाउनुस):.............................................................................
वैदेशिक रोजगारभए ........जना
आफनै उत्पादनले कति महिना खान पुग्छ ? ...........................................................................

२. जग्गाको स्वामित्व .........................कठ्ठा....................रोपनी..............................बिघा
२.१ जमिनको प्रकार

| खेत | पाखो बारी | जम्मा | सिंचित | | | असिञ्चित |
|---|---|---|---|---|---|---|
| | | | बर्षभरि | मौसमी | जम्मा सिंचित | |
| | | | | | | |

२.२ सिचाईको स्रोत कुन हो ? .......................................

२.३ सिचाईको स्रोत कति टाढा छ ? ..................कि.मि.

२.४ तपाइँसंग भएको सिचाईको पूर्वाधार के हो ?

| | | | |
|---|---|---|---|
| पाइप | | | |
| नहर | पक्की | कच्चा | दुवै |

**३ पूर्वाधारको विवरण .**

| | | | | |
|---|---|---|---|---|
| ३.१ | सडकको पहुँच छ कि छैन? | छ छैन | | |
| ३.२ | सडकको प्रकार कस्तो हो? | मौसमी सडक | ग्राभेल सडक | कालोपत्रे सडक |
| ३.३ | सडकबाट खेति गर्ने जमिनको दुरी कति छ ? | | .............कि.मि. | पैदल दुरी मिनेट........... |
| ३.४ | नजिकको बजार केन्द्र कुन हो ? | | | |
| ३.५ | बजार केन्द्रबाट जमिनको दुरी कति छ ? | | ............. कि.मि. | पैदल दुरी मिनेट........... |
| ३.६ | बिधुतको सुबिधा छ छैन ? छ छैन | | | |
| ३.७ | कुन कुन एफ सुन्नु हुन्छ .एम .? | क . | ख . | ग. |
| ३.८ | टेलिफोन तथा मोबाइल के प्रयोग गर्नु भएको छ ? | Namaste | Ncell | ADSL | अन्य |
| ३.९ | इन्टरनेट चलाउनु हुन्छ ? यदि छ भने | मोबाइलको डाटा | ASL | अन्य |

४ तपाईले कुन कुन बालीहरुको खेति गर्नु हुन्छ .?

क्र. स. बालीको नाम क्षेत्रफल (रोपनी) जात उत्पादन

| क्र . .स | बालीको नाम | क्षेत्रफल (रोपनी) | उत्पादन |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

५ तपाईले कुन कुन पशु पाल्नु भएको छ.?

| क्रस . | पशुपन्छी | संख्या | मुख्य उत्पादन |
|---|---|---|---|
| १ | गाईबस्तु | | |
| २ | गोरु | | |

| | | | |
|---|---|---|---|
| ३ | भैसी | | |
| ४ | बाख्रा | | |
| ५ | बंगुर | | |
| ६ | कुखुरा | | |
| ७ | हाँस | | |

६ तपाईले अपनाउनु भएको बालि चक्र कुन हो .?

## आलु सम्बन्धि जानकारी

**७ उत्पादनको विवरण**

| क. .स | जात | क्षेत्रफल (रोपनी) | उत्पादनशील क्षेत्रफल रोपनी) ( | उत्पादनपरान्त क्षति | आफ्नै घरमा प्रयोग | | बिक्रि योग्य परिमाण)के. जि) | | बिक्रिमुल्य ने).रु) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | )के. जि ( | बिउ | खायन | बिउ | खायन | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |

८ आलु को बिउ को स्रोत के हो ?
क. आफ्नै उत्पादन ख.स्थानिय स्तरमा खरिद ग. एग्रोभेट घ. समुह/ सहकारी ङ. सरकारी निकाय च. अन्य …………
खरिद गर्नुपर्ने बीउको परिमाण ……………………….के.जी.

९ अहिले प्रयोग गरिरहेको आलु कुन पुस्ता को हो ?

१० सामान्यतया  कति बर्ष मा आलु को बिउ फेर्नुहुन्छ ?

११ बिउ को रुपमा कस्तो आलु प्रयोग गर्नुहुन्छ ?
क. सग्लो आलु  ख काटेको आलु ग. टिपी.एस. आलु घ. अन्य

१२ यदि काटेको आलु प्रयोग गर्नुहुन्छ भने कति टुक्रा र कति ग्राम हुनेगरि काट्नुहुन्छ?

ग्राम……………. टुक्रा…………

१३तपाइँले जग्गाको तयारी , आलु रोप्ने,उकेरा लगाउने,बोट उखेल्नेर खन्ने काम कहिले गर्नुहुन्छ ?

| क . | सिजन | जग्गाको | आलु रोप्ने | उकेरा लगाउने | बोट | खन्ने |
|---|---|---|---|---|---|---|

| .स | | तयारी | | | उखेल्ने | |
|---|---|---|---|---|---|---|
| १ | हिउँदे | | | | | |
| २ | बर्खे | | | | | |

१४आलु रोप्दा कसरी रोप्नु हुन्छ?

क. ड्याङ्ग बनाएर ख.चिरा पारेर ग. समथर बनाएर घ.अन्य तरिकाले

१५आलु रोप्दा मलखादर सुक्ष्म तत्वको प्रयोगकति मात्रामा गर्नु हुन्छ ?

| क .स. | समय | गोठेमल/कम्पोष्ट | युरिया | डिएपि | पोटास | सुक्ष्म तत्व ...................... | अन्य...................... |
|---|---|---|---|---|---|---|---|
| १ | रोप्नु भन्दा अघि | | | | | | |
| २ | रोप्ने बेला | | | | | | |
| ३ | रोपिसकेपछि | | | | | | |

१६आलुमा सिचाई कसरी गर्नुहुन्छ ?

| क्रस. | सिचाईको तरिका (Method of irrigation) | पटक (Frequency |
|---|---|---|
| १ | | |
| २ | | |

१७गोडमेल कतिपटक र कहिले गर्नु हुन्छ ?

आलु खेतीमा निर्णायक भुमिका कसको रहन्छ ?

क) महिलाको बढी ख) पुरुषको बढी ग) दुबैको बराबर

आलु खेतीमा कामको भार

खनजोतः क) महिला ख) पुरुष ग) दुबै

मल बोक्नेः क) महिला ख) पुरुष ग) दुबै

रोप्ने : क) महिला ख) पुरुष ग) दुबै

गोडमेल गर्नेः क) महिला ख) पुरुष ग) दुबै

आलु खन्नेः क) महिला ख) पुरुष ग) दुबै

बजारीकरणः क) महिला ख) पुरुष ग) दुबै

१८माटोको जांच गर्नु भएको छ ?

क. कहिले गर्नुभयो?

ख. माटोको अवस्था कस्तो रहेको थियो?

ग. माटो सुधार गर्नु भयो ?यदि गर्नु भयो भने के गर्नु भयो?

१९तपाईले रोग व्यवस्थापन गर्न रासायनिक विषादीको प्रयोग गर्नु हुन्छ ?यदि गर्नु हुन्छ भने कुन बिषादी के का लागि गर्नु हुन्छ ?

| क .स. | रोग | विषादीको नाम | मात्रापटक/ |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

२०तपाईले किरा व्यवस्थापन गर्न रासायनिक विषादीको प्रयोग गर्नु हुन्छ ?यदि गर्नु हुन्छ भने कुन कुन बिषादी के का लागि गर्नु हुन्छ ?

| क .स. | किरा | विषादीको नाम | मात्रापटक/ |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

२१.आलुको भण्डारण कसरी गर्नुभएको छ ।

खायन आलुः क) खाडलमा ख)भकारीमा ग) फिजाएर घ) डोको/बोरामा ङ) अन्य...........

बीउ आलुः क) खाडलमा ख)भकारीमा ग) फिजाएर घ) डोको/बोरामा ङ) अन्य..............

आलुको प्रयोग धेरै जसो केका लागि गर्नुहुन्छ?

खाना तरकारी अचार अन्य

२२तपाईले उत्पादित बस्तु कहाँ लगेर बिक्रि गर्नु हुन्छ ?

क. घरबाट ख. स्थानीय बजार ग. सहकारी /समूह/ संकलन केन्द्र घ. क्षेत्रीय/रास्ट्रिय बजार

२३तपाईलाई बजारीकरणमा कुनै निकायबाट सहयोग भएको छ ? यदि छ भने कुन कुन निकायबाट भएको छ ?

..................................................................................................।

२४तपाईका परिवारका कुनै सदस्यले खेति र बजारीकरण सम्बन्धि कुनै तालिम लिनु भएको छ?

| क .स. | सदस्यको नाम | तालिमको बिषय | अवधि |
|---|---|---|---|
| १ | | | |

२५तपाईले आलु उत्पादनको लागि ऋण लिनु भएको छ ?

क. साहु ख. समुह सहकारी ग. बैक तथा अन्य वित्तीय संस्था घ. अन्य.......................

२६गोठ सुधार कार्य गरि मलमुत्र व्यवस्थापन कसरि गर्नु भएको छ ?

२७तपाईले प्रयोग गर्ने औजारतथा उपकरणहरु के के हुन्?

क. ख. ग.

२८तपाईको अनुभवमा आलुको मूल्य गत तिन बर्ष मा कति थियो ?

| क .स. | विवरण | बर्ष | | |
|---|---|---|---|---|
| | | २०७४ | २०७५ | २०७६ |
| १ | मौसमी बजार ( प्रति केजी) | | | |
| | घरबाट (Farm gate price ) | | | |
| | स्थानिय बजार | | | |
| २ | बेमौसमी बजार ( प्रति केजी) | | | |
| | घरबाट (Farm gate price ) | | | |
| | स्थानिय बजार | | | |

२९तपाईले बाली उत्पादानोपरान्त कुन कुन क्रियाकलाप गर्ने गर्नु भएको छ

| | |
|---|---|
| क ग्रेडिङ्ग . | ख प्याकिङ्ग . |
| गभण्डारण . | घ प्रसोधन . |

३०तपाईले बाली बिमा गराउनु भएको छ ?यदि छ भेने कुन कुन बाली कति क्षेत्रफलमा गर्नु भएको छ ?

| क .स . | बाली | क्षेत्रफल | मूल्य |
|---|---|---|---|
| | | | |
| | | | |

३१ तपाईंको क्षेत्रमासंकलन केन्द्रउपलब्ध छ .? छ ............ छैन ......

३२तपाईंको क्षेत्रमाआलु भण्डारण सुबिधा उपलब्ध छ ? छ ............ छैन ......

३३होस ।तपाईंको क्षेत्रमा भएका सेवा प्रदायकहरुको नाम उल्लेख गर्नु .

| क. स | संघ संस्थाको नाम | प्रकार | प्रवाह गर्ने सेवाको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

३४आलुको क्षेत्र बिस्तार गर्ने विचार गर्नु भएको छ ?यदि छ भने कति क्षेत्रफलमा बिस्तार गर्ने विचार छ ?.................................

३५आलुउत्पादन,भण्डारण र बजारीकरणका समस्याहरुउल्लेख गर्नुहोस ।

३६तपाईंलाईथपकेहीभन्नुछ?

## आलु उत्पादक संगको समुह छलफल

ठेगानाः

सहभागीहरुको संख्याः

महिलाको संख्याःपुरुषको संख्या

| क्र.स | सहभागीको नाम | बर्ष | लिङ्ग | जाति | जम्मा जमिन (रोपनी) | आलु खेति गरिएको क्षेत्रफल (रोपनी) | लगाएको बिउ परिमाण (के जी) | उत्पादन (के जी) | घरमै प्रयोग (के जी) | बिक्रि (के जी) | बिक्रि मूल्य (ने रु) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

१ यो क्षेत्रको सिचाईको स्रोत कुन हो ?......................................

३ यो क्षेत्रको बालि चक्र कुनकुन हो ?

४ आलु को बिउ को स्रोत के हो ?

५ यो क्षेत्रमा मन पराइएको जातहरु कुन कुन हुन्?

| क.स. | जात | मन पराइएको कारण |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

७ सामान्यतया कति बर्ष मा आलु को बिउ फेर्ने गरिन्छ ?

८ बिउ को रुपमा के प्रयोग गर्नुहुन्छ ?

क. सग्लो आलु ख. काटेको आलु ग. पुर्व मूल बिउ घ. टिपीएस आलु

९ यो क्षेत्रमा आलुको कुन कुन रोग र किराको प्रकोप छन्?

| क.स. | रोग | किरा |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

१० तपाईंको क्षेत्रमा भएका सेवा प्रदायकहरुको नाम उल्लेख गर्नुहोस ?

| क.स | संघ संस्थाको नाम | प्रकार | प्रवाह गर्ने सेवाको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

११ आलु उत्पादन, भण्डारण र बजारीकरणका सबल पक्ष कमजोर पक्ष, अवसर र चुनौतीहरु के के हुन् ?

| सबल पक्ष | कमजोर पक्ष |
|---|---|
| | |

| | |
|---|---|
| | |
| अवसर | चुनौती |
| | |

**आलु उत्पादन र बजारीकरणसंग सम्बन्धित व्यवसाय प्रवधक संगको मुख्य सूचनादाता अन्तरबार्ता**

व्यवसाय प्रवा[र्धकको नामः

मितिः ठेगानाः

उत्तरदाताः

पदः मोबाइल न.

प्रमुखको नाम मोबाइल न.

१. ................................ आलु सम्बन्धि के के सेवाहरु प्रवाह गर्दछ?

२. के प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजनासंग कस्तो समन्वय छ ?

३ कृषकहरुले आलु सम्बन्धि व्यहोर्न परिरहेको समस्याहरु र ....................ले गरिरहेको समाधानका प्रयासहरु के के हुन्?

| समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|
| उत्पादन सम्बन्धि | |
| | |
| | |
| | |
| भण्डारण सम्बन्धि | |
| | |
| | |
| | |
| बजारीकरण सम्बन्धि | |
| | |
| | |
| | |

४ यो क्षेत्रमा आलुको बजारको स्थिति के छ ?

५ आलुको मुल्य शृंखलमा ...................................को भूमिका के छ ? (मूल्य शृंखला नक्सा समेत )

६ बजार को पहुँचलाई अझ प्रभावकारी बनाउन के गर्नु पर्ला ?

७ प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजनालाइ अझ प्रभावकारी बनाउन के गर्नु पर्ला ?

**आलु उत्पादन र बजारीकरणसंग सम्बन्धित समुह/सहकारी संगको मुख्य सूचनादाता अन्तरबार्ता**

मितिः ठेगानाः

उत्तरदाताः

पदः मोबाइल न.

अध्यक्षः मोबाइल न.

कुल सदस्य संख्याः

महिला :पुरुष :

१ समुह/सहकारी कहिले गठन भयो?

२ समूह/सहकारीले आलु सम्बन्धि के के क्रियाकालाप हरु गर्दछ ?

३ के समूह/सहकारी प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजनामा सुचिकृत छ ?

४ यदि छ भने समूह/सहकारीले परियोजना मार्फत के के के के क्रियाकालाप हरु गर्दछ ?

५ प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजनालाइ अझ प्रभावकारी बनाउन के गर्नु पर्ला

६ यो समूह/सहकारी मा आबद्ध कृषकहरुले आलु सम्बन्धि व्यहोर्न परिरहेको समस्याहरु र समूह/सहकारी ले गरिरहेको समाधानका प्रयासहरु के के हुन्?

| समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|
| उत्पादन सम्बन्धि | |
| | |
| | |
| | |
| | |
| | |

| भण्डारण सम्बन्धि | |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| बजारीकरण सम्बन्धि | |
| | |
| | |
| | |
| | |
| | |

७ यो क्षेत्रमा आलुको बजारको स्थिति के छ ?

८ आलुको मुल्य शृंखलमा समूह/सहकारीको भूमिका के छ ? (मूल्य शृंखला नक्सा समेत )

९ बजार को पहुँचलाई अझ प्रभावकारी बनाउन के गर्नु पर्ला ?

१० समुह/सहकारी संचालनका समस्याहरु र समाधानका उपायहरु के के होलान?

| समस्याहरु | समाधानकाउपाय |
| --- | --- |
| | |
| | |
| | |
| | |
| | |